(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)



वैशाख २०८१ २७१

(साहित्य कला र संस्कृति : सबैको साझा सम्पत्ति)

# शब्दाङ्कुर

(साहित्यप्रधान मासिक)

## २०८१ वैशाख (Apr-May 2024)

वर्ष २३ अङ्क ७ पूर्णाङ्क २७१ (Year 23 Issue 7 Total issue 271)

सल्लाहकार : प्रा.डा. गोविन्दराज भट्टराई र प्रा.डा. जीवेन्द्रदेव गिरी

| | | |
|---|---|---|
| प्रधान-सम्पादक | : | धीरकुमार श्रेष्ठ |
| सम्पादक | : | भोगेन्द्र लिङ्देन, गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ र सागर फुयाँल |
| कला संयोजन | : | राजेश मानन्धर |
| व्यवस्थापन | : | तुलसीकुमार कन्दङ्वा |
| वेबसाइट | : | https://sabdankur.com |
| | | http://bit.ly/sabdankur |
| आवरण | : | मातृत्व |
| ISSN | : | 2773-7969 |

मूल्य रु. ५५/-

### प्रतिनिधि

लक्ष्मीकृष्ण श्रेष्ठ, महेन्द्र बहुमुखी क्याम्पस, धरान, सुनसरी; अरूणबहादुर खत्री 'नदी' ०१-४३५३५९४, सामाखुसी साहित्य समाज, काठमाडौँ; प्रेम ओझा, कञ्चनजङ्घा एकेडेमी, फिदिम, पाँचथर; ९७४२६०१८२३ र ९८५२६८१०२३, राजेशकुमार अर्याल, धवल पुस्तकालय, तानसेन, पाल्पा, पुष्करराज भट्ट, ९८४९-२२५८८३, धनगढी, कैलाली; लोकेश साउद, ९८४८-८४५८९८, दशरथ चन्द नपा, वडा नं. १ शाहीलेक, बैतडी; मोतीबहादुर भुजेल, ९८४६०-२७२१८, ९८५६-०३०५२५ मुनाल स्टोर्स, चिप्लेढुङ्गा ४ पोखरा, कास्की, दीपक सुवेदी, गौरादह ४, झापा, श्रीराम राई, ९८४३७९२५५८ दोर्पा २, चिउरीडाँडा, सिर्जनाकुञ्ज, खोटाङ, कुमार काफ्ले, सिद्धिचरण पुस्तकालय, यसम, ओखलढुङ्गा, माधव अधिकारी, ९८४३५७१८८२, नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ, काजी रोशन, ९८४७-६२१३०९, ०६८-५२०२०४, बागलुङ ...

## यस अङ्कभित्र


**संस्मरण/कथा/लघुकथा/नियात्रा/आलेख/समालोचना/पुस्तक समीक्षा/लकडाउन डायरी**

गुरुदक्षिणा : निर्मोही व्यास ४, चाहना : ज्ञानीराजा मानन्धर १९, किफायत : श्यामकृष्ण मास्के २५ औडाहा : कात्यायन २६, रमाइलो यात्रा : भीम कोइराला २७, दुई लघुकथा : मुरारीराज मिश्र ३०, केही पाइला तिमी चाल्नु जँघार म तारिदिउँला : डा. दामोदर रेग्मी ३१, मानिसहरू आत्महत्या किन गर्छन् ? : नवराज न्यौपाने 'मौन' ३४, 'आराधना' आत्मकथाको विहङ्गावलोकन : रमेशकुमार श्रेष्ठ ३५, मनको वारपार केलाउँदा : रामसुन्दुर देउजा ३८, तिलस्मीमा नैतिक उच्चताको सन्देश : डा. राम पौडेल, कोरोना कहरको क्रन्दन : रामदयाल राकेश ४१

**कविता/गजल/गीत**

सोनु सुनार र रसियाली सपना ! : चेतनाथ कणेल 'हरित' ९, एक मुट्ठी सपनाः भोलानाथ सुवेदी ११, गजलः कृष्ण प्रधान १२, एक हुरी बतास : लक्ष्मिमा उपाध्याय १३, मुक्तक : गोपालकुमार मैनाली १५, मेरो बुढो घर : प्रमोद नेपाल १६ गीत : मोतीबहादुर भुजेल १८, टुक्का कविता : मन्दिरा सेढाई ४०



**पत्रिकाको ठेगाना**

sabdankur@gmail.com/sabdankur58@yahoo.com

काठमाडौँ, नेपाल मोबाइल नं. ९८४१-३६२०३२

**वितरक :** साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स, चावहिल, काठमाडौँ ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६



### विशिष्ट सदस्य

**स्वदेश :** सीता सापकोटा (काठमाडौँ), इन्दिरा चापागाई (सङ्खुवासभा) र रामबाबु नेपाल (पाल्पा)
**विदेश :** प्रकाशचन्द्र निङ्लेकु (अस्ट्रेलिया)

### आजीवन सदस्यहरू

**स्वदेश :** नर्मदेश्वरी सत्याल (सङ्खुवासभा), प्रा.डा. गोविन्दराज भट्टराई (पाँचथर), भोगेन्द्र लिङ्देन (झापा), धीरकुमार श्रेष्ठ (सप्तरी), गोविन्द घिमिरे (सिन्धुपाल्चोक), राजेशकुमार लिम्बु (तेह्रथुम), समीर शाह दाङ), सुभाषचन्द्र भण्डारी (कैलाली), हरिप्रसाद भण्डारी (गुल्मी), डा. रामप्रसाद ज्ञवाली (गुल्मी), रामदेव पाण्डे (अर्घाखाँची), देवीप्रसाद नेपाल (झापा), विश्वराम सिग्देल (काभ्रेपलाञ्चोक), छविरमण सिलवाल (काभ्रेपलाञ्चोक), प्रा.डा. कुमारप्रसाद कोइराला (ओखलढुङ्गा), नन्दलाल आचार्य (उदयपुर), अनन्त वाग्ले (काभ्रेपलाञ्चोक), लक्ष्मीकृष्ण श्रेष्ठ (धनकुटा), ध्रुव नेपाल (पाल्पा), मुकुन्द पोखरेल (भक्तपुर), नारायणप्रसाद रिमाल (पर्वत), मदनबहादुर पाठक (सर्लाही), अमरकुमार प्रधान (दोलखा), रामविक्रम थापा (खोटाङ), जी.के.एन. खडेरी (ललितपुर), मणिराज सिंह (महोत्तरी), अनिल श्रेष्ठ (तनहुँ), रामकृष्ण दुवाल (काठमाडौँ), इन्द्रकुमार श्रेष्ठ (ओखलढुङ्गा), मोतीबहादुर भुजेल (कास्की), प्रेमराज लुइँटेल (स्याङ्जा), सगुन श्रेष्ठ (दोलखा), डा. तुलसीप्रसाद भट्टराई (ताप्लेजुङ), निरञ्जन रिजाल (धादिङ), अनिलचन्द्र श्रेष्ठ (दोलखा), डिल्लीराम राई (खोटाङ), प्रा.डा. जीवेन्द्रदेव गिरी (सुर्खेत), टेकेन्द्रराज चेम्जोङ (झापा), हरि गौतम (पाँचथर), अविनाश श्रेष्ठ (आशाम, भारत), केशव भट्टराई (मोरङ), विन्दु दाहाल 'मुकदर्शक' (झापा), विष्णु न्यौपाने (झापा), नरपति पाण्डे (झापा), लेखनाथ न्यौपाने (झापा), दीपक सुवेदी (झापा), टङ्कबहादुर आलेमगर (उदयपुर), मधुर भट्टराई (महोत्तरी), यादव भट्टराई (पाल्पा), कुमार काफ्ले (ओखलढुङ्गा), दिव्य गिरी (ललितपुर), सुरेश काफ्ले 'बिदारक' (सुनसरी), प्रा.डा. कृष्णप्रसाद घिमिरे (अर्घाखाँची), प्रदीप प्रधान (रूपन्देही), उमेश राई 'अकिञ्चन', निरञ्जन त्रिपाठी (काठमाडौँ), सागर फुयाँल (काठमाडौँ), कृष्ण प्रधान (पाँचथर), दीन पन्थी (गुल्मी), शेखरकुमार श्रेष्ठ (काठमाडौँ), श्रवणकुमार ढुङ्गाना (रूपन्देही), वासु पन्थी (दाङ), हेमन्तराज दुलाल (झापा), नितेश सापकोटा (सिरहा), छायादत्त न्यौपाने (पर्वत), तेजप्रकाश श्रेष्ठ (काठमाडौँ), प्रा.डा. भीम खतिवडा (सुनसरी), शर्मिला खड्का दाहाल (सुनसरी), डा. हरिप्रसाद सिलवाल (धादिङ), विजय चालिसे (काठमाडौँ), दीपक श्रेष्ठ (झापा), कमलीकान्त भेटुवाल (सङ्खुवासभा), उद्धवगोपाल श्रेष्ठ (काठमाडौँ), रामकाजी खड्का 'राकासु' (भक्तपुर), दिल पौडेल (सिन्धुली), केदार सङ्केत (ललितपुर), श्याम प्रधान (काठमाडौँ), एकुकुमारी निङ्लेकु (काठमाडौँ)....

**विदेश :** सुवास निङ्लेकु (अस्ट्रेलिया), सुशीला निङ्लेकु (अस्ट्रेलिया), कृष्ण बजगाईं (बेलायत), प्रेमबहादुर कट्वाल (कुवेत), गुर्खा नेप्लिज कम्युनिटी (अस्ट्रेलिया), रिम्की चोङबाङ (अस्ट्रेलिया)...

# हाम्रो अभिमत

विक्रम संवत्को नयाँ वर्षले एकपटक फेरि तपाईंहाम्रो दहिलो ढकढकाउन आइपुगेको छ । हामी सबैले हाम्रा घरआँगनमा यसलाई स्वागत र बितेका वर्षलाई बिदाइ गर्नु नै पर्छ । कोठा कोठाका भित्तामा झुन्ड्याइका क्यालेन्डरका अब केवल पाना पल्टाउने होइन कि पुरानालाई विस्थापित गरी त्यसका ठाउँमा नयाँलाई प्रतिस्थापन गर्ने पर्छ । यसरी यस्ता पुराना वर्षलाई बिदाइ र नयाँ वर्षलाई स्वागत गर्न थालको पनि विक्रमाब्दका हिसाबले २,०८० वर्ष भइसकेका छन् । हामीले विक्रम संवत्का आधारमा समयलाई गणना गर्न थालेको पनि दुई सहस्राब्दी र आठ दशक वर्ष भइसकेको छ । यसभन्दा अघि पनि समय त थियो तर त्यसलाई गणना गर्ने विधिको आविष्कार भइसकेको थिएन । यसैले यसपूर्व यस्ता वर्षहरू कति बिते, तिनको यकिन गणना छैन । यसै गरी यस्ता समयक्रम अझै पनि कति अवधिसम्म निरन्तर रहने हुन्, यसै भन्न सकिन्न । यद्यपि यतिचाहिँ भन्न सकिन्छ कि समयलाई विभिन्न संवत्का आधारमा गणना गर्न थालिनुभन्दा अघि पनि समय थियो र यो अहिलेको मानव सभ्यताको अस्तित्व रहुन्जेल यसले निरन्तरता पाइरहने नै छ । हुनत विश्वमा धेरै प्रकारका संवत् विद्यमान रहेका तथ्यहरू हाम्रा सामु छन् । यी सबैले वर्षको कुनै न कुनै एकदिनलाई नयाँ वर्षका रूपमा ग्रहण गर्ने गरेका छन् । यिनले यस अवसरमा पुराना वर्षको भावपूर्ण बिदाइ र नयाँ वर्षको हर्षोल्लासपूर्वक स्वागत गर्ने गरेको पाइन्छ । यसरी हेर्दा कतै प्रत्येक दिन कुनै न कुनै संवत्को नयाँ वर्ष त परिराखेको छैन भनी जिज्ञासा राख्न सकिन्छ । हो पनि, कुनै एउटा संवत्ले मनाएको नयाँ वर्षका दिन सबै खाले संवत्को नयाँ वर्ष नपरिरहेको तथ्यलाई सामु राखेर हेर्दा प्रत्येक दिन नयाँ वर्ष परिरहेको हुन सक्छ । यसो मात्रै किन प्रत्येक दिन पुराना वर्षको अन्तिम दिन पनि परिराखेको हुन सक्छ । यसरी हेर्दा प्रत्येक दिन पुरानो वर्ष र प्रत्येक दिन नयाँ वर्षको सम्भावनालाई पूर्णतः अस्वीकार गर्न सकिन्न ।

वास्तवमा प्रत्येक संवत्ले समय गणनाका लागि घडी, पला, ग्रह, नक्षत्र आदिलाई आधार मानेर एउटा व्यवस्थाभित्र विभिन्न अवधिलाई व्यवस्थित गरेको हो । पृथ्वी एउटै, घडीपला एउटै, ग्रहनक्षत्र एउटै हुँदाहुँदै किन संवत्चाहिँ फरक फरक त भन्ने सन्दर्भमा हेर्ने हो भने एउटै कुरोलाई पनि ग्रहण गर्ने विधिमा भिन्नता देखा परेको मात्र हो । प्रत्येक संवत्को गणनामा चन्द्रग्रहण, सूर्यग्रहणजस्ता वैश्विक परिघटना एउटै समयमा पर्नुले पनि समय त उही हो, यसलाई गणना गर्ने विधि र यसका आधारमा मानिने चाडपर्व र विभिन्न उत्सव मात्र फरक फरक दिनमा परेका हुन् । यसर्थ एउटै समयविन्दुलाई ग्रहण गर्ने विधिमा मात्र भिन्नता देखा परेका हुन् भन्नेमा लगभग सहमतिको विन्दुमा पुग्न सकिन्छ । हो बरु, एउटै समयविन्दुमा पनि कसैले पुरानो वर्ष र कसैले नयाँ वर्ष मनाइरहनुमा भने स्थानिकताले अवश्य प्रभाव पारेको हुनुपर्छ । स्थानीय स्तरमा उपलब्ध सेवासुविधा, भूगोल, पर्यावरण, हावापानी, रीतिथिति, संस्कृति आदिले कुन दिनलाई कुन रूपमा मनाउने भन्ने निर्धारण गरिरहेको हुन सक्छ । यी सबमा स्थानिक सहजता सर्वोपरि महत्त्वको निर्धारक हुन सक्ने तथ्यलाई नकार्न सकिन्न । जेहोस्, सँघारमा आएको नयाँ वर्षलाई हर्षोल्लासपूर्वक स्वागत गरौँ र अपेक्षा गरौँ कि यो केवल हिजोको निरन्तरतामा मात्र सीमित नरहोस् ।

प्रधान सम्पादक

संस्मरण

# गुरुदक्षिणा



**निर्मोही व्यास**
**(हेटौँडा ५, सानो पोखरा, राईटोल)**

"बाबू ! मैले त स्कूल-कलेजको अनुहार देख्नै पाइनँ ! पहाडका भीरपाखामा गाई-भैँसीको गोठालो लागेरै आधा जुनी बित्यो । त्यसैले, यहाँका कुनैकुनै विद्वान् भनाउँदाको खिसीटिउरी सहँदै खुम्चिएर बस्नुपरेको छ । तर तँलाई त मैले शहर-बजारमा जन्माएर हुर्काएको छु र सुविधासम्पन्न वातावरणमा राखेर पढाउँदै छु । तैँले धेरै पढ्नुपर्छ, र समाजमा ठूलो विद्वान् भएर मेरो अशिक्षाको क्षतिपूर्ति गर्नुपर्छ । मलाई हेप्नेहरूको शिर तेरो सामु झुकेको देख्न पाउनुपर्छ मैले । तँबाट म तिनीहरूको साटो फेर्न चाहन्छु । मेरो निम्ति जिन्दगीमा त्योभन्दा खुशीको क्षण अर्को हुनेछैन । ईख नभएको मान्छे र बिख नभएको सर्पलाई कसैले पनि गन्दैन । त्यसैले ईख लिएर पढ् । तैँले घरको कुनै काम गर्नुपर्दैन । जजमानीमा पनि मलाई सघाउनुपर्दैन । खालि मेरो पीरमर्का र सपना बुझेर पढिदिए पुग्छ । खर्चको पीर कहिल्यै नगर्नू ! तेरो पढाइको लागि घरै बेच्नुपरे पनि म खुशीसाथ बेचिदिन्छु ।"

मेरा पूज्य पिताको मप्रतिको हृदयोद्‌गार थियो यो ।

कलैयाको गाउँसमाजमा 'न्यौपाने बाजे' नाउँले परिचित मेरो बाबा सरल, शान्त, गम्भीर, लप्पनछप्पन नजान्ने' धर्मपरायण, उदारमना, नैष्ठिक र अध्ययनशील स्वभाव भएका एक ऋषितुल्य व्यक्ति हुनुहुन्थ्यो । उहाँमा औपचारिक शिक्षाको अभाव भए पनि स्वाध्ययन भने प्रशस्त थियो । त्यसैले पहाडको निरक्षर गाउँले समाजमा जस्तै तराईको शहरिया शिक्षित समाजमा पनि सुप्रतिष्ठित हुनुहुन्थ्यो । नामीनामी विद्वान्‌हरू पनि उहाँलाई अति नै सम्मान गर्दथे । त्यस्ता कतिपय विद्वज्जनले त उहाँलाई पुरोहित थापेर पुजेका पनि थिए । समाजमा एकैखाले मानिस पक्कै पनि हुँदैनन् । गाउँघरमा एक-दुई घोर अहङ्कारी विद्वान् पनि थिए र ती आफ्नो विद्वत्तामा त्यसैत्यसै गजक्क पर्थे । बाबाको अघिल्तिर त उनीहरू पनि साखुल्ले पल्टेर निकै आदर गरिटोपल्थे तर पिठ्यूँपछाडि भने 'बूढाले पढेका छैनन्' भनेर गिल्ला गरिहिँड्थे । त्यो थाहा पाएर बाबाको हृदय छियाछिया हुन्थ्यो ।

बाबा विद्याव्यसनी भएकाले घरमा संस्कृतका अनेक शास्त्रीय ग्रन्थहरूका साथै नेपाली र हिन्दीका आध्यात्मिक र दार्शनिक पुस्तकहरूको अध्ययन गरिराख्नुहुन्थ्यो । वेदान्तदर्शनमा उहाँको विशेष अभिरुचि थियो । कामबाट अलिकति मात्र फुर्सत मिल्दा पनि उहाँ अक्षरको आराधना गरेर समयको सदुपयोग गरिहाल्नुहुन्थ्यो । गाई चराउन गएको बेलामा पनि कुनै न कुनै पुस्तक साथै लगेर पढिराख्नुहुन्थ्यो । गाउँघरमा बाहिरबाट कुनै योगी, सिद्धपुरुष वा विद्वान् आएको थाहा भए जिज्ञासु भावले खोजीखोजी भेट्न र तिनको प्रवचन सुन्न जानुहुन्थ्यो र श्रद्धासाथ उनीहरूलाई आफ्नो घरमा पनि ल्याइराख्नुहुन्थ्यो । आजीविकाका लागि कृषिकर्म र पौरोहित्य गर्नुहुन्थ्यो उहाँ । पौरोहित्य कर्ममा सानैदेखि म पनि उहाँलाई सघाउँथेँ । कर्मकाण्डसम्बन्धी

आफ्ना कतिपय जिज्ञासा समाधान गर्नुपरेमा स्थानीय पुरोहितहरू बाबाकै सान्निध्यमा आइपुग्थे ।

म साढे दुई वर्षको हुँदा २०११ सालको वसन्तपञ्चमीका दिन मेरा परम पूजनीय बाबाले काखमा बसाएर पुर्खौली ढुङ्गे पाटीमा मेरो अक्षरारम्भ गराउनुभएको थियो र शिक्षा-दीक्षाका प्रथम गुरु पनि उहाँ नै हुनुहुन्थ्यो । विद्याव्यसनी बाबाको तीव्र हुटहुटी र छटपटीको परिणामस्वरूप मैले व्रतबन्धअघि नै घरमै बाबाको चरम वात्सल्यपूर्ण सान्निध्यमा रहेर 'दुर्गा सप्तशती' र 'अमरकोश' प्रथम काण्ड पढिसकेको थिएँ । २०१६ साल वैशाखमा साढे ६ वर्षको उमेरमा व्रतबन्ध भएपछि बाबाले दिनदिनै दिने गरेको पाठबमोजिम दुई-दुई ऋचाका दरले 'शुक्लयजुर्वेद' पढ्न थालेर आठवर्षको हुँदा चालीसै अध्याय सिध्याएको थिएँ । बाबाले हरेक दिन बिहान आफू पूजापाठ गर्न चौकामा बसेको समयमा मलाई सानो छँदा आफ्नो काखमा राखेर र अलि ठूलो भएपछि चौकामुनि नजीकै कुशासनमा राखेर पढाउनुहुन्थ्यो ।

२०१६ साल भदौको पहिलो सातामा ठीक सातवर्षको उमेरमा मलाई घरछेउको 'सिद्धेश्वर संस्कृत महाविद्यालय ब्रह्मचर्याश्रम' मा लगेर भर्ना गरिदिई मेरो औपचारिक शिक्षाको जग हालिदिनुभएको थियो बाबाले नै ।

बाबामा ठूलो छटपटी थियो मलाई पढाउने र ठूलो विद्वान् बनाउने ! कम्तीमा पनि आफ्नो गाउँसमाजमा एउटा गर्वयोग्य बौद्धिक व्यक्तित्वका रूपमा प्रस्तुत गर्ने ! म उहाँले देखेको सपनालाई साकार पार्न सक्थेँ, सक्तिनथेँ त्यो त थाहा छैन तर म दश-एघार वर्षको हुँदासम्म संस्कृतमा निर्धक्कसित वार्तालाप गर्नसक्ने भइसकेको थिएँ । विद्यालयीय पढाइमा पनि म आफ्ना टोलछिमेकका दौँतरीहरू र आफूभन्दा दुई-तीन वर्ष जेठाहरूभन्दा दुई-तीन कक्षा नै जेठो हुँदै गएको थिएँ ।

पढाइप्रति मेरो अभिरुचि बढाउन र पढ्न सजिलो होस् भनेर पनि उहाँले म आठ-नौ वर्षको हुँदा नै काठका एकजोर कुर्सी टेबुल बनाउन लगाएर घरको बीच मझेरीमा सजाइदिनुभएको थियो । त्यसमा आमुन्नेसामुन्ने हुनेगरी बसेर म र ठूलो भाइ शुकदेव उपाध्याय पढ्ने गर्थ्यौँ टुकीको उज्यालोमा । त्यस्तै, म एक्लै रेल चढेर जान नसक्ने उमेरको हुँदा बाबा मलाई परीक्षा दिलाउन चार-पाँच वर्षसम्म सँगसँगै परीक्षाकेन्द्र तोकिएको ठाउँ भारतको 'सीतामढी' जाने गर्नुभएको प्रसङ्ग पनि मेरो निम्ति अविस्मरणीय छ ।

बाबाको हृदयको पीडा, हुटहुटी र छटपटी राम्ररी बुझेकाले म पनि दिनरात श्रम गरी शैक्षिक सफलताका खुँड्किलाहरू उक्लँदै संस्कृतमा स्नातक भएँ । र, बीस वर्षको उमेरदेखि माध्यमिक शिक्षक भएर एकपछि एक गरी पाँचवटा हाइ स्कूलहरूमा पढाउँदै र कठोर जीवन सङ्घर्ष गर्दै स्वतन्त्र परीक्षार्थीका रूपमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर गरेर त्रि.वि. सेवामा प्रवेश गरी दिउँसो वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसमा र राति कलैयाको रामराजा (मोहन विक्रम शाह) क्याम्पसमा प्राध्यापन गर्न थालेँ । समय क्रममा त्रि.वि.बाट तलबी पाँचवर्षे अध्ययन विदा पाएर विद्यावारिधि गरेँ । त्यस्तै त्रि.वि. सेवामा क्रमशः पदोन्नति पाउँदै विश्वविद्यालय सेवाको सर्वोच्च प्राज्ञिक पद 'प्राध्यापक' मा उक्लिने सौभाग्य पनि पाएँ मैले । यो मेरा बाबाको असीम स्नेह, प्रेरणा, प्रोत्साहन, व्यग्रता र हुटहुटीकै प्रतिफल हो ।

मैले विद्यालय र विश्वविद्यालय सेवामा गरी पूरै त्रिचालीस वर्ष अध्यापन गरेँ । रात्रि

क्याम्पसका चौध वर्षको त के गणना गर्नु ! चार दशकभन्दा लामो यस कालावधिमा म आफ्ना विद्यालयकालीन कतिपय सहपाठीहरू साथीहरूको क्याम्पसकालीन गुरु बन्न पुगेँ भने आफूभन्दा छब्बीस-सत्ताईस वर्ष जेठाहरू पनि मेरा शिष्य बन्न पुगे । त्यस्तै एउटै घरका तीन पुस्तालाई पढाउने सौभाग्य पनि मिल्यो मलाई । अहिले त त्रि.वि.बाट सेवानिवृत्त भएर निवृत्तिभरणमा निर्भर हुन थालेको पनि नौ वर्ष भइसकेको छ ।

आफ्नो अध्यापकीय जीवनलाई पछि फर्केर हेर्दा बडो रमाइलो अनुभूति हुने गर्छ मलाई । त्यस्ता थुप्रै प्रसङ्गहरूमध्ये काका र दाजुलाई पढाएको प्रसङ्ग मेरो निम्ति विशेष स्मरणीय छ । त्यो यस प्रकार छ :–

काका हुनुहुन्थ्यो पण्डित वासुदेव उपाध्याय न्यौपाने र दाजु हुनुहुन्थ्यो पण्डित कृष्णहरि उपाध्याय नेपाल ।

दुवै जना संस्कृतका शास्त्री हुनुहुन्थ्यो । प्रतिष्ठित विद्वान् हुनुहुन्थ्यो र कलैयाकै छुट्टाछुट्टै हाइ स्कूलमा पढाउनुहुन्थ्यो । काका संस्कृतमात्र पढाउनुहुन्थ्यो भने दाजु संस्कृत र नेपाली पढाउनुहुन्थ्यो । दुवै मेरा निकटतम छिमेकी हुनुहुन्थ्यो र उहाँहरूसित हाम्रो परिवारको प्रगाढ आत्मीय सम्बन्ध थियो । अध्यापनका अतिरिक्त काकाको सहव्यवसाय थियो पुराण भन्नु, जजमानी गर्नु र धार्मिक प्रवचन पनि गर्नु । हाम्रो थर पनि न्यौपाने नै भएकाले उहाँ उमेरअनुसार बाबालाई 'दाजु' भनेर संबोधन गर्नुहुन्थ्यो र बाबाबाट दीक्षामन्त्र र वेदमन्त्र सुनेका हुनाले उहाँलाई गुरुको सम्मान दिएर गोडामै ढोग्नुहुन्थ्यो पनि । साथै हरेक वर्ष नबिराईकन गुरुपूर्णिमाका दिन बाबालाई ढोग्न आउनुहुन्थ्यो एकजोर धोती, गन्जी, गम्छा र दक्षिणा लिएर । उसैगरी दसैँका दिन बिहान आफ्ना परिवारजनलाई टीका लगाइदिनुअघि हामीकहाँ आएर बाबाको हातको टीका थाप्नुहुन्थ्यो । यो उहाँको नियमित कार्य थियो मैले जान्दादेखि बाबाको देहावसानपूर्वसम्म । बाबा पनि उहाँलाई 'भाइ' र 'तिमी' भनेर बोलाउनुहुन्थ्यो । त्यही नाताले हामी केटाकेटी पनि उहाँलाई काका भनेर संबोधन र सम्मान गर्थ्यौँ । न्यौपाने वंशावलीका आधारमा हामीबीच के साइनो पर्थ्यो त्यो त मलाई थाहा छैन तर हाम्रो पारिवारिक प्रेम भने प्रगाढ थियो, छ र रहिरहनेछ पनि ।

कृष्णहरि दाजु चाहिँ मभन्दा चौध-पन्ध्र वर्ष जेठा हुनुहुन्थ्यो र हाम्रा जजमान हुनुहुनुहुन्थ्यो । उहाँका पिताजीले उहाँलाई प्यारो गरेर 'बौवा' (बाबू) भन्ने गर्नुभएकाले उहाँ हामी सबै छरछिमेकीहरूका लागि पनि बौवा नै हुनुहुन्थ्यो । उहाँको खास नाउँभन्दा 'बौवा' नै चल्तीमा थियो । उहाँलाई त्यही घरेलु नाउँले चिन्थे सबै जना । त्यसै हुनाले उमेरअनुसार बौवाकाका, बौवादाइ, बौवाभाइ यस्तैयस्तै संबोधन गर्थे उहाँलाई । त्यसअनुसार मेरा चाहिँ 'बौवादाइ' हुनुहुन्थ्यो उहाँ ।

मैले पढाइ थाल्दासम्म पनि हाम्रो छिमेकको सिद्धेश्वर संस्कृत महाविद्यालयका सबै तहको पठनपाठन भारतीय शहर दरभङ्गास्थित कामेश्वरसिंह संस्कृत विश्वविद्यालयको पाठ्यक्रममा आधारित थियो र परीक्षा पनि उतै गएर दिइन्थ्यो । त्यो 'बिहार संस्कृत समिति पटना' को नयाँ रूप थियो । त्यहाँ प्राचीन र नवीन दुवै प्रणालीअनुसारको पढाइ हुन्थ्यो र विद्यार्थीहरू प्रायःजसो प्राचीन प्रणालीकै उत्पादन हुन्थे । हाम्रा गुरुहरू पनि त्यहीँका उत्पादन हुनुहुन्थ्यो ।

कालान्तरमा त्यस विश्वविद्यालयको प्राचीन प्रणालीअन्तर्गतका सबै शैक्षिक उपाधिलाई त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रको स्तर निर्धारण शाखाले एक-एक तह तल झारिदियो र त्रिविको स्नातक-समकक्षता प्राप्त गर्नका लागि त्रिविको स्नातक तहका ऐच्छिक नेपाली विषयका चारवटा पत्रको परीक्षा उत्तीर्ण हुनुपर्ने नियम बनाइदियो । साथै त्यस्ता शिक्षक-कर्मचारीका हकमा त्यो परीक्षा उत्तीर्ण गर्न सरकारको सम्बन्धित निकायले एक वर्षको समयसीमा तोकिदिएछ । उक्त समयसीमाभित्र शर्त पूरा नगरे एक तह तल झारिने बेहोराको जानकारीसमेत दिएछ । अनि, परीक्षा पनि पास गर्न नसक्ने र एक तह तल झर्न पनि नचाहनेहरूका लागि जागिरबाट राजिनामा दिनुपर्ने प्रावधान पनि अवगत गराउँदै सम्बन्धित निकायले सबै शिक्षक कर्मचारीलाई त्यही बमोजिमको पत्र पठाएछ । हाम्रा वासुदेव काका र बौवादाजु पनि त्यही चपेटामा पर्नुभएछ । मा.वि.शिक्षकबाट नि.मा.वि.शिक्षकमा झर्नुपर्ने त्यस नयाँ नियमले दुवै जनाको भोकनिद्रा हराएछ उहाँहरूको । यसरी उहाँहरूलाई कमाएको प्रतिष्ठा जोगाउन बुढेसकालमा फेरि विश्वविद्यालयको परीक्षा पास गर्नुपर्ने अथवा उमेरै नपुगी पुरानो जागिरबाट हात धुनुपर्ने झ्याउलो आइलागेछ । स्थानीय समाजमा उहाँहरू गण्यमान्य हुनुहुन्थ्यो त्यसैले अब उहाँहरूलाई फिटीफिटी परेछ ।

उहाँहरू आँट गरेर परीक्षा दिने नै टुङ्गोमा पुग्नुभएछ र पाठ्यक्रमअनुसारको अध्ययनको तयारीका लागि निर्धारित पाठ्यपुस्तक र गुरुको खोजीमा लाग्नुभएछ । त्यसै क्रममा कलैयाको भवानीपुरमा आफ्नो छरछिमेकमै घर भएका र कुनैताका वासुदेव काकाका सहपाठी रहेका अहिलेका त्रिविका सेवानिवृत्त प्राध्यापक एवं नेपाली वाङ्मयका विशिष्ट साधक केशवदाजु (प्रा.डा. केशवप्रसाद उपाध्यायज्यू) लाई गुहार्न पुग्नुभएछ काका । केशवदाजुले "ए वासुदेवजी ! यस कामको लागि मलाई किन दुःख दिनुहुन्छ ? जानोस् न व्यासजीकहाँ । उनी नेपाली विषयकै उपप्राध्यापक हुन् । वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसमा बी.ए.का विद्यार्थीहरूलाई त्यही कोर्स पढाउँदै आइरहेका छन् कैयौँ वर्षदेखि । उनले तपाईँलाई पनि पढाइदिहाल्छन् नि" भनेर मकहाँ पठाइदिनुभएछ उहाँलाई ।

एकदिन दिउँसो तीन-चार बजेतिर म क्याम्पसका आफ्ना कक्षाहरू सकेर वीरगन्जबाट भर्खरै घरमा आइपुगेको थिएँ र भित्र पसेर लुगा फेर्दै थिएँ । उहाँ कापी-कलम बोकेर आँगनमा टुप्लुक्क आइपुग्नुभयो । साथमा बौवादाइ पनि हुनुहुन्थ्यो । बाबा पिँढीमा रहेको खाटमा बसिराख्नुभएको थियो । उहाँहरूले बाबालाई गोडामा ढोग्नुभयो । बाबाले उहाँहरूलाई आफूसँगै बस्न अनुरोध गर्दै– "कति कामले आयौ त वासुदेव ?" भनेर काकासित आगमनको कारण सोध्नुभयो । त्यसपछि काकाले विनम्रतापूर्वक माथि उल्लेख गरिएको प्रसङ्ग अथदेखि इतिसम्म सारा बेलिबिस्तार लगाउँदै उत्तर दिनुभयो "म पढ्न आएको दाजु !"

बाबा छक्क पर्नुभयो र उहाँले काकालाई भन्नुभयो "अनि यहाँ कोसित पढाइमाग्ने त ? तिमीलाई पढाउन सक्ने यहाँ को छ त ?" उनले भने– "छोरा व्यासबाबूसित पढ्ने दाजु !" बाबाले हेर्न चाहेको सुनौलो दिन अहिले दैवले उहाँको पोल्टामा हालिदिएको थियो । त्यसैले उहाँ भित्रभित्र परम प्रसन्न हुनुभयो तैपनि बाहिर चाहिँ त्यो प्रसन्नतालाई दबाउँदै उहाँले काकालाई भन्नुभयो –"किन ठट्टा गरेको भाइ तिमीले ? यो जाबो हिजोको चल्लोले

पनि तिमीहरूजस्ता विद्वान्लाई पढाउन सक्छ र ?" काकाले उसैगरी विनम्रतापूर्वक जबाफ दिनुभयो– "साँच्चै भनेको हो दाजु ! छोराले मभन्दा धेरै पढेको छ । म विद्यालयमा अध्यापन गर्छु, ऊ महाविद्यालय-विश्वविद्यालयमा प्राध्यापन गर्छ । उसले मलाई पढाउन-सिकाउन सक्ने भएको हुनाले नै त म धाएर आएको हुँ नि ।" र, उहाँहरूलाई केशवदाइले मकहाँ पठाएको कुरा पनि सुनाउनुभयो ।

म उहाँहरूका यी संवाद भित्रबाटै सुनिराखेको थिएँ । म बाहिर निस्केपछि उहाँहरूले मलाई पनि आफ्नो समस्या सुनाएर पढाइदिन आग्रह गर्नुभयो ।

त्यसपछि बाबाले मलाई अह्राउनुभयो "बाबू, ल काका र दाजुलाई पढाइदे ।" यसो भन्दा उहाँको अनुहार चरम तृप्तिबोधले धप्प बलेको थियो र उहाँको बोली बिछट्ट ओजिलो थियो । निकै सङ्कोच लागिराखे पनि मैले यस अवसरलाई मनमनै आफ्ना जन्मदाता र प्रथम शैक्षिक गुरुप्रति गुरुदक्षिणाका रूपमा लिएँ । त्यसपछि काका र दाजुलाई बैठककोठामा बसाएर आफूसित भएका सम्बन्धित पाठ्यपुस्तक र सहायक सामग्रीहरू दिँदै र पाठ्यांशहरूबारे व्याख्यानसमेत दिँदै केही दिनसम्म नियमित रूपले पढाइमा सहयोग गरिरहेँ । तर बुढेसकालमा अप्रत्याशित रूपले आइलागेको त्यो अनपेक्षित पढाइ र परीक्षा भालूको कन्पट सिद्ध भयो काकालाई । जीवनमा कहिल्यै साक्षात्कार नगरेको भाषाविज्ञान, ध्वनिविज्ञान, आधुनिक कविता, कथा, उपन्यास, नाटक र पूर्वीय-पाश्चात्य साहित्यका विविध वाद, सिद्धान्त एवं विभिन्न समालोचना प्रणाली अनि नेपाली साहित्यको इतिहासले काकाको सातोपुत्लो उडाइदियो । तैपनि उहाँले कोशिश गर्नुभयो, निरूत्साहित भावले भए पनि पढाइलाई एक महीना जति निरन्तरता दिनुभयो । त्यसपछि भने उहाँको हिम्मतले साथ दिएन । आत्मसमर्पण गरिदिनुभयो र आउन छाड्नुभयो । केही दिनपछि थाहा भयो उहाँले प्रतिष्ठा जोगाउन जागिरबाट राजिनामा गरिसक्नुभएछ ।

नेपाली भाषा-साहित्यमा गम्भीर रुचि राख्ने र विभिन्न साहित्यिक पत्रिकाहरूका नियमित पाठकसमेत हुनुभएकाले बौवादाइका लागि भने यो अध्ययन काकालाईजस्तो अत्यासलाग्दो भएन र उहाँले हिम्मत हार्नुभएन । पढ्न आइरहनुभयो । परीक्षा पनि राम्रै अङ्कका साथ उत्तीर्ण हुनुभयो । यसरी उहाँले प्रतिष्ठा जोगाउन राजिनामा गर्नुपरेन । त्यस घटनाको निकै समयपछि उमेरको हदले अनिवार्य अवकाश पाएर नै उहाँ सेवानिवृत्त हुनुभयो ।

यो प्रसङ्ग आजभन्दा चारदशकअघिको हो । अहिले त बाबा र काका दुवै जनाको चोला उठेको पनि क्रमशः अट्ठाईस र छब्बीस वर्ष भइसकेको छ । बौवादाइ भने अशी नाघेको उमेरमा पनि अझै स्वस्थ र मस्त हुनुहुन्छ र अक्षरको आराधनामा व्यस्त हुनुहुन्छ ।

(अति सामान्य शुद्धाशुद्धिबाहेक वर्णविन्यासलाई यथावत् प्रस्तुत गरिएको छ । – सं.)

## आगामी आकर्षण

कुन्दनकुमार पन्त, चन्द्रप्रकाश नेपाल, वन्दना पौडेल, निर्मलकुमार आचार्य, रामचन्द्र दाहाल, डा. गोकुल सिन्हा, डा. शेखरकुमार श्रेष्ठ, तेजविलास आदि ।

कविता

# सोनु सुनार र रसियाली सपना !



**चेतनाथ कणेल 'हरित'**
**(शृङ्गा, गुल्मी, हाल : काठमाडौं ३१, नयाँबानेश्वर, शङ्खमूल)**

'स्वर्ग'जस्तै स्वर्गद्वारीतिर उम्रेका
कलिला र मलिला सपनाहरू
काठेबरले नथेगेपछि
बिजुवारका फाँटले नपोतिएपछि
झिमरूकका जलधाराले सिञ्चन नभएपछि
आशाको त्यान्द्रो बोकेर लतारिएका पाइलाहरू
यतै कतै हराउँदै थिए–
कतार र दोहाका मरूभूमिहरूमा
खलखली पसिना बग्ने
खाडीमय बाध्यताहरूमा !

●

कतैबाट बल्छ–
आशाको दियो
अनायास आउँछ–
प्रलोभन र सपनाहरूको पिङको लट्ठा
चचहुई चचहुई ..................
नौरङ्गी सपना सजाएर जीवनको झोपडीमा
आकाङ्क्षाका खम्बा ठड्याएर
जीजिविषाको 'हरियो चउर'मा
त्यतै कतै फलेका थिए
पिटर द ग्रेट र लेनिनका साम्यवादी विचारहरू
स्टालिन, ब्रेझनेभ र गोर्बाचोभीय उत्थान र उल्झनहरू
र,
निरन्तर फलिरहेछन्
सुधारका नयाँ नयाँ शृङ्खलाहरू–
यतै कतै रसियाली भूमिमा
जहाँ फल्न थालेका थिए–

सोनु सुनारका थप सपनाहरू !
जहाँ फल्न लागिरहेछन्–
नेपाली युवाका अनकन्टार आकाङ्क्षाहरू !
●
फुके पनि, खुम्चिए पनि–
सपना देख्नैपर्ने बाध्यता
जीजिविषा लतार्नुपर्ने नियति,
र, आँखामा नयाँ दियोका रापहरू सँगाल्दै
र, मनका सारा भावना र उत्तेजनाहरू पगाल्दै
युद्धको मैदानबाट,
उनै 'वीर गोर्खाली'का यादहरू बटुलेर
मात्र डलर र रूबलको प्रलोभनमा
टिनका टिन आश्वासनका ड्रमहरू
पुटिनका भाषण र वाचाका उपक्रमहरू
फेरि एउटा दृढ नेपालीको सपना सेलाएको छ
एक, दुई, ... दश, एघार ...
मात्र सङ्ख्या कण्ठ पारिरहेछन्
नेपाली स्रोताहरू, नेपाली द्रष्टाहरू
र, समाचारका शीर्ष लाइनहरूमा
घोरिइरहेका छन् यतिबेला सारा नेपालीहरू–
'फेरि अर्को नेपाली रसियाली सेनाको तर्फबाट लड्दा मरेको खबर छ'
'प्युठानका सोनु सुनारको दुःखद् मृत्यु भएको खबर छ'
●
आज,
काठेबर, स्वर्गद्वारी, झिमरूक र बिजुवार रोइरहेछन्
प्युठानसँगै सारा नेपाली भावविह्वल रोइरहेछन्,
तर पनि,
थाहा छैन,
प्युठान के ठानिरहेछ ?
यस देशका सारा नेता
के ठानिरहेछन्,
के भनिरहेछन् ???
●●

(chetnathkanel@gmail.com)

कविता

# एक मुट्ठी सपना



भोलानाथ सुवेदी

महोदय,
हृदयको अन्तर कुनाका
दृष्टिमा पर्दा लागेपछि
म सपना नदेख्ने भएको छु
भएका सपनाहरू पनि
गन्तव्य पहिल्याउन नसक्ने भएका छन्
आरोहणकै शिविरमा थला परेको आरोहीजस्तै
खिया लागेको औजारजस्तो भएर
बसाउन नसक्ने फूल भएर
कति सपनाहरू च्यातिएर सकिए
कति सपनाहरू हिलोमा भासिए
थला परेका सपनाहरू
बिउँताउन पनि सकिएन
न धुन भरेर गाउन सकियो
न फूल जस्तो सजाउन सकियो
अहिले सपनाहरू माथि कर्फ्यु लागेको छ
तामा तुलसी हातमा लिएर
धर्म भकाइएको छ
स्निग्ध निश्छल सपना माथि
हिलो छ्यापेर
बलात्कार गरिएको छ
हत्केलामा मुटु बोकेर
शिखर टेक्न लागेका सपनामाथि
कसले कोरिदियो विनाशको सलाई
सल्काइदियो सपनाको इतिहास
कति सपनाहरू भ्रूणमै निमोठिए
कति स्वप्नदोष भएर बगे
आफू बाँच्नको लागि सपनाहरूले
पटकपटक मसाल बोक्नुपरेको छ

जेलनेल र गिरफ्तारी खप्नुपरेको छ
त्यसैले महोदय
एक मुट्ठी सपना हत्केलामा बोकेर
म सडक किनारमा उभिएको छु
मेरा सपनाहरू बेच्न
जुन कुखुराका चल्लाजस्ता छन्
आँखाले निलुँ जस्ता ।

(nathbholasubedi@gmail.com)

गजल

# गजल



**कृष्ण प्रधान**
**(मञ्जरी भिलेज, इमाडोल, ललितपुर)**

कहानीबिनाको जिन्दगी न जवानीको के कुरा
रित्तो छ ठेकी अब मथ्ने मदानीको के कुरा !

भुली गएको बैंससँग पछुताएर के गर्नु ?
बिनादर्ताको छ चिठी अब चलानीको के कुरा !

कोही छैन अजम्बरी न जिन्दगीको भरोसा कुनै
पलपल जलेको जवानीमा भिजेको सिरानीको के कुरा !

भष्मि भूतस्य देहस्य पुनरागमनम् कुतः
चितामा जल्यो शरीर शेष खरानीको के कुरा !

रेमिटेन्सले गलायो यौवन मरुभूमिसँगै खाडीमा
कफिनमा फर्कियो बैंस अब चितालाई सलामीको के कुरा !

(kpadhuro@gmail.com)

**काठमाडौंमा शब्दाङ्कुर पाइने ठाउँ**
**पुस्तक सेन्टर**
सहिद शुक्र माविको भवन, अद्वैतमार्ग, बागबजार
०१-५३६६७८०, ९८४१-३६७७६२

कविता

# एक हुरी बतास

लक्षिमा उपाध्याय
(विश्वनाथ, असम, भारत)

चिन्तित मन निराश अनुहार
आडभरोसा खोज्दै
एउटी अबला जननी
अवहेलित, निन्दित, तिरस्कृत
सन्तानहीन हुनुको अदृश्य अपराध उनको
दयामायाहीन घृणित व्यवहार आफ्ना पुरुषको ।

छरछिमेक र भद्र भनाउँदो
विज्ञान गन्हाउँदो यहीँ समाजको
अचम्म विभ्रंश मनको विभ्रम
सन्तान नहुनु मातृत्वको पीडामाथि
जिउने स्वतन्त्रता लुछिने व्यवहार ।

पशुतुल्य देखिने चिल्ला छालाले
बेरिएको मानिसको विचित्र अनुहार
महिषासुर बरु हाकाहाकी देवीको
पाणि प्रार्थी थियो
सन्मुख समरमा मऱ्यो ।

तर भद्रताको मखुन्डोधारीहरू
देवताको मखुन्डो मारिचको चरित्रले
बिनाआगो जलाइरहेछ
निर्दोष रमणीलाई घृणाका दाउरा पोलेर
चित्कार हुन्छ निराधार
रहन्छ वेदना दुःख र पीडाहरू
उसको जीवनको एक मात्र आधार ।

उसले त राम्रो कार्य हेर्नै नहुने
पुण्य कर्ममा सामेल हुनै नपाउने
दूषित आँखाहरूले
परपरै धपाउने

यता फेरि हामी त सभ्य पो भयौँ त
भन्न पनि नछाडने ।

पुरुषप्रधान शिक्षित समाज हाम्रो
दोषगुण नकेलाई दोषी मात्रै ठान्ने
न्यायको पल्ला सधैँ कोल्टे

जन्मदाता मातृपितृ विवश
मुकदर्शक पीडित छोरीको दुःख पिउने ।

बेसहारा आफन्तहरूबाट
मौका परे
सियालहरू पनि उसलाई देखेर
मानौँ गिल्ला गर्न बिर्सिंदैनन्
वेदना पोख्न
उनले आफ्नो हितैषी खोज्छिन्
समाज र आफन्तहरूदेखि कोसौँपर
अन्ध कुसंस्कार मासिने विवेकको दियो बालिने
विज्ञानको नयाँ आविष्कार आउने आशामा उनी
टोलाइरहेकी छन्

तर हिम्मत नहारी
जन्ममृत्युको ध्रुवसत्यलाई अँगाल्दै
धरती हुँ
जननी हुँ
गतिशील समयको निरन्तर यात्रामा
परिवर्तनको एक हुरीबतासलाई पर्खेर
खुसीको सूर्य उदाएको हेर्न
हरियाली वसन्तको
आगमनलाई पर्खिरहेकी छिन् ।

(lakhima1234devi@gmail.com)

**पुस्तकालयलाई सूचना**

**शब्दाङ्कुर**लाई प्रत्येक महिना हामीलाई उपलब्ध भएसम्मका पुस्तकालयको हुलाकी ठेगानामा निःशुल्क पठाउने गरेका छौँ । यसरी पठाइएका पत्रिका प्राप्त भएका पुस्तकालयले कृपया प्राप्तिको सूचना दिनुभए यस कार्यलाई निरन्तरता दिन सहज हुने थियो । साथै **शब्दाङ्कुर** प्राप्त गर्न चाहने पुस्तकालयले हुलाकी ठेगाना उपलब्ध गराए निःशुल्क रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्छौं ।

**शब्दाङ्कुर परिवार**

# मुक्तक



गोपालकुमार मैनाली
(काठमाडौँ)


१. रूप रङ बैँस हेरी किन लेख्छौ गजल
डसेपछि पिरतीले किन लेख्छौ गजल
जीवन भन्नु त्यति हैन धेरै नै छ बाँकी
तड्पिएर याचनामा किन लेख्छौ गजल ।

२. तिम्रा आँसु उसका लागि शीतको थोपा हुन्छ
तिम्रो पीडा उसका लागि पानीको फोका हुन्छ
दृढताले बाँच्नुपर्छ नयाँ जीवनखातिर
ख्यालख्यालैको मायाप्रीति आखिर धोका हुन्छ ।

३. सुम्पिएर आस्था सारा उसलाई देउता ठान्यौ
पुज्ने गऱ्यौ विश्वासले उसलाई देउता मान्यौ
धोका हुन्छ आखिरमा स्वार्थ मिल्ने भेटे अन्तै
जालमा परी घाइते हुँदा झुटो देउता जान्यौ ।

४. मनका कुरा सबै खोले, उसले फाइदा उठाउला
लिफाभित्र मुटु खामी, सुटुक्क प्रेमपत्र पठाउला
बतासिँदै चङ्गासरि त्यो मन उडी कतै गयो भने
प्रेम नामको कडा रोगले जीवनभरि सताउला ।

(saugatdhahal@gmail.com)




गोविन्द घिमिरे, टेकेन्द्र चेम्जोङ, प्रकाशचन्द्र निङ्लेकु, भोगेन्द्र लिङ्देन र धीरकुमार श्रेष्ठबाट लेखिएको सहयात्रा **(संयुक्त गीत, गजल र कवितासङ्ग्रह)** को
विद्युतीय पुस्तक नि:शुल्क पढ्न चाहनुहुन्छ भने कृपया sabdankur@gmail.com मा इमेल गर्नुहुन अनुरोध गर्छौं ।

कविता

# मेरो बुढो घर



प्रमोद नेपाल

वीरगन्जको गहवामाई मन्दिरको
दक्षिणपूर्व दिशामा
ठडिएको थियो
एउटा बुढो घर
जसको आँगनमा
उफ्रिँदै खेल्दै हुर्किए
धेरै केटाकेटीहरू मजस्ता
जोसँग गाँसिएका छन्
मेरा अनगन्ती भावनाहरू

समय आफ्नै गतिमा
अविरल हिँडिरहन्छ
समयसँगै मान्छेहरू पनि
हुर्कंदै बढदै गइरहेका हुन्छन्
बाल्यावस्था र युवावस्था पार गर्दै
स्वाभाविक रूपमा
पुग्ने गर्छन् वृद्धावस्थामा
त्यसै गरी
अपवाद थिएन
मेरो आत्मामा रहेको
त्यो घर पनि

म खेल्दा
ऊ पनि सँगै खेल्थ्यो
म उफ्रिँदा
उसले पनि साथ दिन्थ्यो
मलाई चोटपटक लाग्दा
सायद उसलाई पनि पीडा हुन्थ्यो

उसकै काखमा हुर्केको म

उसकै वात्सल्यमा बढेको म
म कतै जाँदा लाग्थ्यो
उसले मलाई कुरिरहेको हुन्थ्यो
र मेरो पुनरागमनका लागि
प्रतीक्षारत रहन्थ्यो,
आमाको न्यानो काखमा
फर्किआए जस्तो भान हुन्थ्यो मलाई पनि
बाहिर गई फर्केर उसको सान्निध्यमा रहँदाबस्दा

एकदिन बेचियो
त्यो बुढो घर
मेरो बाल्यावस्थादेखि
युवावस्थासम्मको साक्षी
मेरो संरक्षक
उसको वात्सल्य, ममता र छत्रछायाँ
सबै छुटने पक्का भो
चन्द्रमाबाट चाँदनी छिनेजस्तै
आमाको काख गुमाएको दुधे बालकजस्तै
सायद उसलाई पनि
त्यस्तै अनुभूति भएको हुनुपर्थ्यो

वीरगन्जको यात्रा गरी फर्केको
छैन भा'को धेरै दिन
मेरो आस्थाको प्रतीक
मेरो त्यो प्यारो घर
थिएन त्यहाँ
त्यो घरको चिहानमा त
ठडिएकोरहेछ एउटा नयाँ महल

मेरो सँगीको अस्तित्व
त्यो घरमा कुनै बेला विचरण गरेका
मेरा पितापुर्खाहरूझैँ
यो संसारबाट
हराइसकेको रहेछ

अकस्मात् कसैले बोलेझैँ लाग्यो

"म तिम्रो आगमनको क्षणलाई
कुरी बसेको थिएँ प्रमोद ! अब अलबिदा"
यताउति हेरेँ र प्रस्ट देखेँ
एउटा प्रकाशपुञ्ज मास्तिर जाँदै गरेको
टकटकी बाँधेर त्यो पुञ्जलाई हेरिरहेँ
विलीन नहुन्जेलसम्म
अनि अवाक् भई
थुचुक्क बसेँ म एकैछिन त्यहीँ
डाइनोसरजस्तै अस्तित्व विहीन बनाइएको
मेरो प्यारो घरलाई सम्भेर
आँखाभरि अश्रुधारा बगाउँदै ।

(ppnepal@gmail.com)

गीत

# गीत



मोतीबहादुर भुजेल

त्रिशूलीको किनारैकिनार
लान्छु तिमीलाई नौबिसे हिना'र
त्रिशूली गङ्गा, मन भयो चङ्गा, तिमीलाई भेटेर ।

पूर्णिमाको जूनजस्तै मुहार
तिमीसँग जिन्दगी बग्छ सलल
ढाँटे कसम देउरालीको
सातै रङ इन्द्रेणीको सिँदुर सजाइदिम्ला

ध्वजा टीका देउरालीमा
जुनी जुनी सँगै हुनि मायापिरिम लाम्ला
चौतारीको बरपिपलभैँ
तिम्रो हाम्रो युगल जोडी राधाकृष्णजस्तै

(moti.bhujel@munalstores.com)

कथा

# चाहना



ज्ञानीराजा मानन्धर

जबदेखि आफ्ना अति मिल्ने दुई साथी विदेश गए त्यसबेलादेखि आफू यहाँ नेपालमा एक्लो महसुस गरिरहन्छिन् मेरी छोरी किपला । पानीबिनाको माछाझैँ तड्पिरहन्छिन् सधैँ । आफूलाई जन्म दिने आमाबाबुभन्दा बढी माया उनै साथीका लागिरहन्छ कि के हो कुन्नि वा साथीले उनलाई उक्साइरहेकी हुन्, केही मेसो पाउन सकिरहेको छैनँ मैले । म र मेरो स्थितिबारे अनभिज्ञ त थिइन उनी तैपनि साथीहरू बाहिर गए जस्तै उनी पनि जाने भनी सुनाइरहन्छिन् । कर गरिरहन्छिन् । उनी भन्छिन् कि मेरो अवस्था देखेर आतुर छिन् रे विदेशमा गई पैसो कमाउन । मेरी धर्मपत्नी पनि जहिल्यै छोरीकै पक्ष लिएर बोल्छिन् । उनी भन्छिन् कि, 'छोरीको रहर हो । यहाँ बसेर पनि के गर्नु त खै ? चार वर्ष हुन लागिसक्यो निजी कम्पनीमा काम गरिरहेकी । गएदेखि अहिलेसम्म तलब बढेको छैन रे । एक महिनामा आउने तलबले मास्टर्स पढाइको फिस र अफिसमा दिउँसोको खाजा खर्च पुग्दैन भनिरहन्छिन् । सरकारी काम एउटा भइदिएको भए त भविष्य सुनिश्चित हुने थियो नि । के गर्नु ? हाम्रो त कर्मै खोटो । दुई दुईपटक महालेखाको परीक्षामा सामेल भई । एकपल्ट लिखितमा पास गरेकै थिइन् तर अन्तर्वार्तामा फाले ।'

एकदिन राति पसलबाट फर्कंदा घर अलि ढिलो पुगेको थिएँ । छोरा मोबाइलमा च्याटिङ गर्नमै व्यस्त देखेँ । केटी साथीसँग गफ गरिरहेकै त होला नि । पाजी छोरोको केटाभन्दा बढी केटी साथी छन् । मेरी श्रीमती पनि त्यतिबेलासम्म मेसेन्जरमा आफन्तसँग कुरा गर्न व्यस्त । उनलाई डिस्टर्ब गरिन । एउटा हातमा मोबाइल र अर्को हातले छोरीलाई मतिर हेर्दै इसारा गरिरहेकी थिइन् । मलाई भात पस्किदिनू भनी अह्राएकी होली । छोरीले आमाको इसारा बुझेर भान्छामा मलाई भात पस्किदिइन् । मेरो जिद्दीवाल छोरीले ढिपी छाडेकी थिइन । मेरो अगाडि मेचमा आएर भनी, 'हजुरसँग पैसो छैन भन्ने कुरो मलाई थाहा नभएको होइन के बाऽ । सानै क्षेत्रफलको एक टुक्रा जग्गा त छ नि । अहिलेलाई यही जग्गा धितो राखेर ऋण लिई पठाइदेऊ मलाई विदेश । दुई वर्षभित्र जे काम गरेर भए पनि भाँडा माझेर भए पनि ऋण तिरिदिने छु ।' मलाई रिझाउन खोजिरहेकी थिई ।

'ओ प्रभु ! यहाँका युवाको सोचलाई भागबन्डा र गठबन्धनमा रमाउनेले बिगारे ! देशलाई चाहिने पढेलेखेका युवाजति विदेश लाग्ने । भाँडा माझेरै भए पनि कमाएर परिवारलाई सुखी बनाउन खोज्ने । विदेशमा जोत्न पठाइनुपर्ने किराचाहिँ यहाँ हैकम चलाएर बस्ने । कस्तो बिडम्बना ! मास्टर्स पढिरहेकी छोरी तिमी । कसरी विदेशमा गएर भाँडा माझ्न तयार भन्न सकेकी ? कति नै पैसो जोड्न सक्छ्यौ होला तिमीले विदेशमा गई नचाहिने काम गरेर ?'

'होइन ! सकभर त राम्रै काम खोजुँला नि । नपाए भने त जे गरेर भए पनि हजुरको ऋण तिरिदिउँला भनेको नि ।'

'होइन, किन शिक्षा हासिल गर्न लगाएँ मैले तिमीहरूलाई ? विदेशमा गई जस्तोसुकै गराउन ?' छोरी एकछिन चुप लागी । मैले भात खाँदाखाँदै, 'मलाई साह्रै अपसोच लागिरा'छ आज ।

तिमीहरूलाई पढाउन नपर्ने थियो । ठुलै गल्ती गरेछु । चारपाँच कक्षासम्म मात्र पढाएर राजनीतिमा लगाउनुपर्थ्यो क्यारे । नेताको भाषण सुन्न र जुलुसमा भाग लिन पठाउनुपर्थ्यो साँच्चै । पार्टीका कार्यकर्ता भएर उनीहरूलाई रिझाउन सकेकी भए तिमी पनि भविष्यमा केही न केही त बन्थ्यौ होली । प्रधानमन्त्री त तिमीले कुनै हालतमा पाउँदिनौ । किनकि तिमीलाई न गाउँ खाने कथा आउँछ न त उखानटुक्का नै न त तिमी र्‍याल नै चुहाउँछौ । के थाहा त्यतिबेलासम्म त तिमी पनि र्‍याल चुहाउने भइसक्छौ कि ? जनतालाई लोभ्याउने हो भने कुरौटे हुनुपर्छ । आऽ..., प्रधानमन्त्री पदै किन चाहियो र ? ग्याँसपाइप जडानमन्त्री ! पानीजहाजमन्त्री ! रेलमन्त्री ! अर्थमन्त्री ! शिक्षामन्त्री ! मुख्यमन्त्री ! बिनाविभागीय मन्त्री र अरू के के..., के थाहा ? चार जना उपप्रधानन्त्रीमामध्ये एक जना तिमी पनि हुने हो कि ?'
मेरो कुरो सुनेर ऊ फिसिक्क हाँसी । जबाफ फर्काई, 'आज पक्कै पनि बाहिर खाएर आएको होला । वाहियात कुरा ! यहाँ बसेर केही बन्नु छैन मलाई ।'
मैले खाएर आएको कुरो छोरीले थाहा पाइहालिछ । आज घर फर्किंदा बाटामा भेटेका एक जना साथीसँग होटेलमा अलिकति लोकल सोमरस खाएर आएको पक्कै हो । त्यो लोकल सोमरस विदेशबाट आयातित ग्लुकोभिटा ग्लुकोज डी, हर्लिक्स र बुस्ट खाएर शक्ति आएजस्तो भान भइरहेको थियो मलाई । त्यसैको प्रतापले हो कि अलि बढी नै बोल्ने शक्ति प्राप्त भइरहेको । म बोली नै रहैँ, 'हामीजस्ता मध्यम वर्गीय परिवारले घाँटी हेरेर हाड निल्ने गर्नुपर्छ छोरी । दशबिस हजारको कुरो हो र ? लाखौंं पैसो चाहिने । चोरेर ल्याऊँ भने म चोर होइन । बैङ्कमा डाँका डाल्न जाऊँ भने म डाँका होइन । गरिब भए पनि इज्जत त छ नि हाम्रो । त्यही एउटा जोगाएर राखेको छु अहिलेसम्म । एउटा किराना पसलको भरमा परिवार चलाउनुपरिरहेछ ।'
'मैले चोरेर ल्याऊ, डाँका मारेर भए पनि मेरो इच्छा पूरा गरिदेऊ भनेकी हुँ र ? अहिलेलाई आफूसँग भएको अचल सम्पत्ति पो धितो राख्नुस् भनेकी नि ?'
हामीसँग अरू केही नभए पनि त्यही सानो टुक्रो जग्गा त छ नि । त्यसमा पनि आँखा गाडिरहेकी छ्यौ तिमी । भएको त्यो पनि चिप्लेर हातबाट फुस्के त गन्जी र कट्टु मात्र लगाएर सडकमा बहुलाएर माग्दै हिँड्नुपर्ने अवस्था नआउला भन्न सकिन्न छोरी । के तिमी यही चाहन्छौ ? ल, मैले जग्गा धितो राखी ऋण लिएर तिमीलाई पठाएँ रे । महिनैपिच्छे तिरिरहनुपर्ने साँवा र ब्याज कसले तिरिदेला ? मेरो कमाइले भ्याउनु पनि पर्‍यो नि । तिम्रो भाइको ताल तिमीलाई थाहा छँदै छ । तीन वर्षमा तीनओटी केटी फेरिसक्यो रे भन्ने सुनेको तिम्रै आमाको मुखबाट ! जब तिम्री आमाले यो कुरा मलाई सुनाई म त्यति बिघ्न आश्चर्यचकित भइनँ । मैले पनि देखेको थिएँ एक जनासँग उसलाई । त्यति वास्ता गरिनँ । हाम्रो देशमा मन्त्रीमण्डल फेरिरहनु र तिम्रो भाइको केटी फेरिरहनु उस्तै उस्तै हो भन्ने सोची चुपै लाग्थेँ । ब्याचलर सिद्धिसकेर पनि एउटा स्थायी काम पाउन सकिरा'को छैन । त्यही भएर मैले अस्ति बैङ्कमा मान्छे मागिरहेको छ, फारम भर्नू भनेको मात्र के थिएँ, जागेर धुमधाम । एकचोटि भर्दा जाँचै भएन रे । उसको पैसो इ्वाम भयो रे । अर्कोपल्ट पास गर्न सकेन रे । अब फारमसारम भर्दिनँ भनिसक्यो । त्यसो भन्दैमा निराश हुनुपर्ने जरूरी छैन नि । आफ्ना लागि आफैले कोसिस गरिरहनुपर्‍यो नि । खै के गर्ने होला । चिन्तै छैन उसलाई । तिम्रो भन्दा बढी मलाई उसको चिन्ता लागिरहन्छ । केही बोल्नै हुन्न उसलाई । एकैछिनमा रिसाउँछ र

झगडा गर्ने निहुँ खोजिरहन्छ पाजी । तिमीलाई थाहा नभएको हो र ?'
यति के भनेको थिएँ, उफ्री हाली, 'तिम्रो छोरो हो नि ऊ । मनपर्ने छोरो । भोलि तिमी मर्दा दागबत्ती दिने छोरो । बढी पुल्पुलाएर राखेपछि यस्तै हुन्छ ।' उल्टै ममाथि खनिई ।
'हे भगवान् ! म के गरूँ ? साह्रै गाह्रो भो ।' एकछिन चुप लागेँ । फेरि बोली फुटिहाल्यो 'फेसबुकमा एउटा भिडिओ भाइरल भइरहेको छ । तिमीले हेऱ्यौ ?'
'कुन भिडिओ ?'
'करोडौँ हान्देकै हो, अरबौँ हान्देकै हो भन्ने ।'
'हेरेँ । एकछिन मात्रै । मलाई त्यस्ता झारपाटेको कुरा सुन्नुपऱ्या छैन । छिटो भात खानुस् । कति बोलिराख्नुभएको ?' ऊ रिसाई ।
मैले उसलाई एकछिन सुन न भनिरहेँ, 'कसले के गर्न सक्छ भनेर धाकधक्कु छोड्दै थिएँ । जनताको हान्दिएको होइन क्यार । राज्यकै हान्दिया हो पनि भन्थेँ । उसको कुरा सुन्दा म त महामूर्ख रहेछु भन्ने लागेको थियो । किनकि ऊ बेला म पनि अफिसमा काम गरिरहँदा उसले हाने जस्तै करोडौँ नहाने पनि लाखौँ त हान्दिनुपर्ने रहेछ । मौका त नआएको होइन नि । चौका हान्न डराएँ । करोड र अरबको त के कुरा, एउटा बरफसम्म अरूको हान्न लाज लाग्थ्यो र डराउँथेँ । अहिले सम्झँदा पछुतो लाग्छ । साँच्चै, हान्दिनैपर्ने रहेछ । नत्र अहिले दुःख भोगिरहनुपर्ने थिएन होला सायद । त्यस्तै छक्कापन्जा गरी हानिराखेको पैसो भए त तिमीलाई मात्र किन, तिम्रो भाइलाई पनि विदेशमै पठाइसक्थेँ हुँला । अझ तिमीहरूलाई मात्र किन ? तिमीहरूसँगै हामी पनि उतै घर किनेर यसो आरामको जीवन व्यतीत गर्थें हुँला ?'
खाना खान सिध्याई मुख चुठेर गएँ । केही दिन, हप्ता र महिनाजति चुपै लागेर बसी तर पछि उही थोत्रो बिग्रेको पुरानो रेकर्ड बजेजस्तै घरी घरी मसँग विदेश जाने कुरा गरिरही । म चुप लाग्थेँ । एउटा कानले सुन्दिन्थेँ र अर्कोले उडाइदिन्थेँ ।
दिन बित्दै गयो । विदेश जान रहर गरिरहेकी छोरीले थाहै नदिई जागिर छाडेर पासपोर्ट बनाइसकेकी रहिछे । छोरो पाउनु कहिले कहिले, भोटो सिउनु अहिले भनेजस्तै । IELTS पनि पास गरिसकिछे । विदेश जाने निधो गरिसकेकी उसले चाहिने जति सम्पूर्ण कागजात मिलाउन भ्याइसकिछ । यी सबै कुरा श्रीमतीले भनेर थाहा पाएँ । तर मैले केही थाहा नपाएकजस्तो गरिरहेँ । मलाई त छोरी विदेश जाने कुरो पटक्कै मन परेको थिएन । म त मेरा दुई आँखाका नानी सधैँ मेरो वरिपरि होस् भन्ने चाहन्थेँ । आफूले चाहे जस्तो र सोचे जस्तो नहुने रहेछ । दुईजनै यहीँ नेपालमै बसी काम गरोस् भन्ने चाहन्थेँ । सबै आमाबाबुले मैले जस्तै सोच्छन् होला । तर आजकालका कम्प्युटर युगका सन्तानलाई कसले सम्झाओस् ? आफ्ना सन्तान यताउता नबरालियोस् भन्ने चाहना कुन आमाबाबुले राख्दैन होला र ? त्यही सोचेर मैले उसलाई अल्झाउन बैङ्कमा साथीमार्फत दुई महिना इन्टर्नसिप पनि गर्न लगाएँ । पास भई । तर पास हुँदैमा सजिलोसँग काम कसरी पाइँदो रहेछ र यहाँ ? अरू प्रमाणपत्रसँगै एउटा थपिएको प्रमाण पत्र भित्तामा झुन्डिएर गिज्याइरहेको भान हुन्छ कहिलेकाहीँ म आफैलाई ।
शनिवारको दिन । खाना खाई घाम तापिरहेको थिएँ । श्रीमतीले 'छोरीको जन्मदिन आउँदै छ । उसको चिना एकपल्ट देखाउन जाने कि ?' भनी
'किन देखाउनुपऱ्यो चिना ? कुन तिथिमा जन्मदिन पर्छ भन्ने तिमीलाई थाहा नभएको हो र ?'
'थाहा छ तैपनि एकपल्ट चिना देखाउँदैमा के फरक पर्छ र ? तपाईंले चिन्ने ज्योतिषकहाँ

गइदिनुस् । छोरीलाई पनि सँगै लानुस् । धेरै भो उसको चिना नदेखाएको । चिना देखाएर केही गर्नुपर्ने देखिए गरिदिनुपर्‍यो ।’ श्रीमतीको कुरो मनासिब लाग्यो । हुन्छ भनिदिएँ ।
पसल खोल्न नगई त्यही दिन छोरीलाई लिएर गएँ । राहु र दशाले लखेटिरहेको छ र अर्को वर्षसम्म धेरै अप्ठ्यारा आउन सक्ने कुरा बताए ज्योतिषले । त्यसपछि ठिक भएर आउने सङ्केत दिए । त्यस्ता अप्ठ्यारालाई निर्मूल पार्न के गर्नुपर्ला भनी सोद्धा सङ्कटा, महाङ्काल र भैरवको जप गराउनुपर्छ भने । जप गराउँदा मन्दिरमा भन्दा बाहिर अरू कसैलाई गराए उत्तम हुने छ भन्ने सल्लाह दिए । मैले हुन्छ भनी टाउको हल्लाएँ र मनमनै सोचेँ कि डाक्टरले दिसा, पिसाब, रगत जाँचेर आऊ भन्छ । त्यतिले नपुग्ने भए एक्सरे, भिडिओ एक्सरे लिएर आउनू भन्छ । यी ज्योतिष कहाँ आयो भने विभिन्न दशाको नाममा जप गर्नुपर्ने सल्लाह दिन्छन् । हात्ती बलियो कि हात्ती छाप चप्पल बलियो नानु ? दुवै उस्तै उस्तै हुन् भने जस्तै हो ।
ज्योतिषले जप गरिदिने व्यक्तिको मोबाइल नम्बर दिए । फर्किनै लाग्दा छोरीले ज्योतिषलाई विदेश जाने योग छ कि छैन, एकचोटि हेरिदिनुस् न भनी अनुरोध गरी । म अवाक् भइ छोरीको अनुहार हेरिरहेँ । ज्योतिषले विदेश जाने योग छ । पैसो पनि धेरै कमाउन सक्छ भनेपछि छोरीको मुहार झलमल्ल देखियो, तिहारमा बल्ने झिलिमिली बत्तीजस्तो ।
बाहिर निस्किनासाथै मैले छोरीलाई ‘तिमी आमाछोरीको योजना यस्तो पो रहेछ । कसरी ठम्याउन नसकेको होला मैले ? चिना देखाउने निहुँमा विदेश जाने योग छ कि छैन भनेर सोध्न आएकी रहिछ तिमी, होइन र ?’ भनी सोद्धा छोरीले मुसुमुसु हाँसेर जबाफ फर्काई, ‘के फरक पर्‍यो र ? आखिर सुन्नु त भयो नि तपाईंले पनि कि मेरो विदेश जाने योग छ र पैसो पनि कमाउली भन्ने ? अब आजै ज्योतिषले दिएको नम्बरमा कल हान्नुस् र भोलि नै हामी जाऔँ’ भन्दा मैले केही बोल्न सकिनँ । मुखमा बुजो लाएँ ।
ज्योतिषको कुरोले म पनि गम्भीर हुन बाध्य भएँ । एउटा मनले ‘आऽ..., जे जे पर्ला पर्ला ! पठाइदिऊँ यसलाई विदेश भन्यो तर अर्को मनले भन्यो ‘हुन्न ! रोक ! विदेशमा गएर कमाइहाल्छन् भन्ने के ग्यारेन्टी छ र ? मेरा साथीका छोराछोरी विदेश गएर नराम्रो हालतमा गुज्रिनुपरेको भन्ने पनि सुनिराखेकै हो यो कानले ।’
मिश्रित सोच मनमा लिँदै मैले ज्योतिषले दिएको नम्बरमा फोन गरेँ ।
‘हेल्लो गुरु नमस्ते । मलाई तपाईंको नम्बर परमानन्द ज्योतिषले दिनुभएको । यो हप्ताभित्र जप गर्न भ्याउनुहुन्छ कि नाइँ ?’
उताबाट उत्तर आयो, ‘किन नभ्याउनु नि । हाम्रो त कामै यही हो ।’
मैले भनेँ ‘अनि गुरु । कति खर्च चाहिने होला.... ?’
‘तपाईंको काम फत्ते गरिदिएबापत हामीले दक्षिणा लिने हो । यति नै भन्ने हुँदैन । तपाईंको स्वेच्छाले जति दिनुहुन्छ, हामीले स्विकार्छौँ ।’ जबाफबाट म प्रभावित भएँ । आजकाल यस्तो मान्छे कहाँ पाउनु भन्ने मनमा लाग्यो ।
तैपनि सोधिहालेँ, ‘होइन गुरु, कति टक्र्याउनुपर्छ भन्ने कुरो अहिले नै प्रस्ट पारिदिनुस् । पछि किचलो नहोस् भन्ने चाहन्छु म ।’
मैले अनुरोध गरेपछि उनले भने, ‘कसैले हजार दिन्छन् । कसैले पन्ध्र सय पनि दिन्छन् । कोही कोहीबाट त पच्चिस सय पनि पाएको छु ।’ उनले यति भनेपछि म ढुक्क भएँ र भोलि भेट्ने वाचा गर्दै वार्तालाप बन्द गरेँ । गुरुले भनेको कुरा आमाछोरी दुवैलाई सुनाएँ । पन्ध्र

सय जति दिने निर्णय भयो ।
भोलिपल्ट बाउछोरी गुरुले बोलाएको ठाउँ र समयमा पुग्यौँ । एउटा मिनरल वाटर किन्न लगाए । गुरु आफू बसे र छोरीलाई पनि बस्न लगाए । मलाई पनि छोरीसँगै बस्नू भने । बसेँ । पूजाको बिचमा यसो पनि भने 'अब तपाईंले मलाई सात दिनसम्म पूजाटीका र जप गर्ने जिम्मा दिनुभो । म एक हप्तामा यो कार्य सिद्ध्याउने छु । ज्यामीले पनि काम गरेको एकदिनको ज्याला केही नभए पनि एक हजार लिन्छ । हजुरले यही हिसाबले दिए पनि लौ भन्छु । त्योभन्दा बढी दिए पनि केही भन्दिनँ । सहर्ष स्वीकार गर्ने छु ।'
उनको कुरो सुनी छोरीले मतिर हेरी मैले छोरीतिर । करिब करिब तीस मिनेटपछि सकियो । मैले पन्ध्र सय रुपियाँ निकालेर हातमा थमाएर भनेँ कि 'मैले यहाँ आउनुअघि अस्ति हजुरलाई फोन गरेर अहिल्यै खुलस्त पार्नुस् भन्नुको कारण नै यस्तै होला भनेर हो । हजुरले त हामी( लाई अप्ठ्यारोमा पारीदिनुभो ।'
'किन र ?' गुरुले सोधे ।
'खै, किन भन्नु अब । गुरुदक्षिणा भनेको यति नै हुन्छ भन्ने हुँदैन भन्नुभएको थियो । हजारपन्ध्र सय र पच्चिस सय त एकदिनको रहेछ । मलाई के थाहा ? हजुरले पनि एकदिनको भाउ भनेर किटान गरी भन्नुभएन । मैले त हजार होइन, पन्ध्र सय रुपियाँ दिऊँ भन्ने विचार गरेँ र यति मात्रै बोकेर आएँ' भन्दा 'केही छैन । सात दिनपछि आउँदा बाँकी पैसा बोकेर आउनुस् । म फोन गरूँला नि, हुन्न र ?' भनेपछि केही भन्न सकिनँ । 'हस्' भनी मुन्टो फर्काएर आएँ । रिसको झोकमा केही कुरै गर्न मन लागे न । म अघि अघि पछि पछि छोरी । बाटैबाट गुरुलाई जपसप केही गर्नु पर्दैन भनी पठाएँ । पन्ध्र सय रुपियाँ दान दिएको सम्झनू पनि भनेँ । घर पुगेपछि ओछ्यानमा पल्टेँ । सोच्दै गरेँ कि जहाँ र जुनसुकै ठाउँमा खाने दाउको कमी रहेनछ नेपालमा । गुरुको नम्बर दिनेलाई पनि कमिसन जाने त होला भन्ने मनमा लाग्यो । सायद यस्ता विभिन्न कारणले गर्दा पनि होला कि देशका युवा यहाँ बस्न नरुचाएका ? देशमा रोजगार पाउन मुस्किल छ । पढेलेखेका युवालाई यहीँ काम गराउन सक्ने वातावरण भएको भए को जान चाहन्छ मातृभूमि छाडी अर्काको भूमिमा ? यहाँ भएका ठुल्ठुला उद्योग र कलकारखाना सब सखाप भइसके । त्यतातिर कसैको ध्यान गएको छैन र कहिल्यै जाँदैन पनि होला । किनकि विदेश गएका युवाको रेमिटान्सले देश धान्न पाइरहेकै छ ? मलाई त लाग्छ कि रेमिटान्स पठाइरहनेको विदेशमा कारणवश मृत्यु भए यहाँ बक्सामा आउने लासको समेत कर उठाउन बेर हुँदैन होला भविष्यमा ? रेमिटान्स र कर खान पल्किसकेकाले नेपालमै रोजगारीको व्यवस्था कसरी गर्छन् । अनायासै मेरो मुखबाट निस्क्यो 'थुइक्क !'
जुरुक्क उठेर छोरीलाई भनेँ, 'जाऊ तिमी जीवन जसरी मन पर्छ त्यसरी जिउनू ।'
छोरीले अचम्म भएर सोधी, 'के भन्नुभएको बाले ? मैले बुझिनँ नि... !'
'लाटी ! तिमी जहाँ जान आतुर छ्यौ नि त्यहाँ जाने तयारी गर भनेको ! तिम्रो इच्छालाई अब म मार्दिनँ । तिमीले बनाइरहेको योजनामा साथ दिने छु ।'
छोरी मक्ख भई । खुसी भई । मेरा दुई हात ढोगी धुरुधुरु रोई । मैले उसको पिठमा थप्थपाएर भनेँ, 'अब रुने होइन छोरी । हाँस्नू तिमी । भोलिदेखि बाहिर जान के के गर्नुपर्ने हो गरिहाल ।'
एकै छिनमा भनी, 'हस् बा ! भ्याइसकेकी छु नि ७५% त ।'
हाँसेर भान्छामा गई आमालाई कुरो सुनाई । आमा पनि मेरो निर्णयले हर्षित भई ।

भन्नु त सजिलो तर निभाउन गाह्रो रहेछ । छोरीका लागि सकभर जग्गा धितो नराखी आफन्तलाई गुहारी काम चलाउने सुरमा थिएँ । श्रीमतीसँग भएको गहना पनि अहिलेलाई बेचिदिउँला भन्ने मन गरेँ । पछि देखा जायेगा ! यता हान्निएँ उता हान्निएँ । जहाँबाट पनि निराशा हात लाग्यो । एकदिन त्यसरी नै यताउता भौँतारिरहेका बाटामा देख्नासाथ मेरा चामल डिलर साहुले सोधे, 'ए रामे ! के भो ? सन्चो छैन कि के हो ? पसल पनि दुईचार दिनदेखि बन्दै देख्छु त ?' उसलाई बेलिबिस्तार सुनाएँ । मेरो कुरो सुनेपछि भने, 'तिमी मेरा पुरानो ग्राहक । त्यसमाथि पनि तिम्रो समस्या मेरो समस्या । तिमीले केही चिन्ता लिनुपर्दैन । म छु तिम्रो साथमा । म निसन्तान मान्छे । तिम्री छोरी मेरी छोरी । भन तिमीलाई कति पैसा चाहियो ? तिम्री छोरी विदेश गएर कमाउन सुरु गरेपछि मात्रै अलि अलि गरी दिए पनि म केही भन्दिनँ । बरु भीमसेन भाग ब्याज अलिकति त तिर्नुपर्ला तिमीले । एउटा कागजमा छाप पनि हानिराख्नुपर्ला तिमीले । मन्जुर छ ?' ढुङ्गा खोज्दा देउता पाए सरी भयो मलाई र मुरी मुरी धन्यवाद दिई बिदा भएँ । मेरो खुसीको सीमा रहेन । घर पुगी सबैसँग खुसी बाँडेँ । सबैभन्दा खुसी त छोरी थिई जब मैले चामल डिलरले भनेको कुरो सुनाएँ । उसको एउटा मुस्कानले मैले सारा संसार पाएको महसुस गरेँ ।

आखिर त्यो दिन पनि आइपुग्यो । आज जाँदै छे मेरी प्यारी छोरी पनि विदेश । आज उसको चाहनाले सफलता पाएको दिन हो । यादगार हुने छ । धेरै टाढा जाँदै छे सपनाको झोला बोकी । तर मेरो छाती पोलिराखेको छ । कसैले सियोले घोचिरहेजस्तो भइरहेछ । परदेशमा एक्लै के गर्ली ? के खाली ? काम पाउँछ कि पाउँदिन ? बिरामी परी भने कसले हेरचाह गर्ला ?

'बाऽ... !' भनेर बोलाउँदा म झसँग भएँ ।

'जाऔँ न बाऽ ! ढिलो भइसक्यो ।' भन्दा 'ल ल जाऔँ' भनी ट्याक्सीमा बस्यौँ र एअरपोर्टतिर लाग्यौँ । त्यहाँसम्म जान पन्ध्र सयमा एक सुका पनि कम गरेन । छोरीको मुख हेरेर मोलतोल गरिनँ । रिस त उठिराथ्यो मलाई ड्राइभरको बोलीले तर चुप लागेँ ।

गेटबाट भित्र छिर्नुअघि एकछिन रोकिई । भाइलाई 'लवर ब्वाय ! बाआमाको राम्रो हेरविचार गरेस् । यताउता बरालेर नहिँडेस् । पहिले आफ्नो क्यारियर बनाउनेतिर ध्यान दिनू' भनेपछि सधैँ आफ्नो दिदीलाई काली भनेर जिस्क्याउने भाइले दिदीलाई अँगालो हालेर 'दिदी...' भनेर भक्कानिएर रोयो । उसको रोदनले मेरो र आमाचाहिँको आँखा रसायो । हामी बाहिर उनको जहाज नउडेसम्म आकाशमाथि हेरिरह्यौँ । जब जहाज उड्यो तब ढुक्क भएर घर फर्क्यौं । गई मेरी छोरी विदेश !

## हार्दिक समवेदना



परशु प्रधान



दधिराज सुवेदी

**साहित्यकार परशु प्रधानको ८० वर्ष र दधिराज सुवेदीको ७६ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँहरूको आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवार जनमा हार्दिक समवेदना प्रकट गर्छौं ।**

**शब्दाङ्कुर परिवार**

# किफायत

श्यामकृष्ण मास्के
(दोलखा, नेपाल)

हाम्रो गाउँमा नेवारहरूको बाक्लो बस्ती छ । सबैजसोको सानोतिनो व्यापारव्यवसाय छ । कतिको खेती पनि छ । सबैले सामान्य जीवान यापन गर्दै आएका छन् । यसैबिच हाम्रा गाउँमा २/३ वर्षअगाडि एक जना तराई मूलका मान्छे आएर सानो पसल (दोकान) राखी व्यापार गर्न सुरु गरे । छोटो समयमै उनको पसल हाम्रो गाउँलेको भन्दा धेरै गुना ठुलो भयो । गाडी घर पनि जोडेको देख्दा सबै छक्क परे । कतिले कुरा काट्न थाले । अवैध धन्दाबाट त यसले पैसा कमाएको होइन ? उसको चियो गर्न लागे तर अवैध धन्दाको भेउ पाउन सकेनन् ।

केहीले उनले गाडी र घर जोडेको र पसल ठुलो भई व्यापार फस्टाउनुको खास राज के हो ? भनी बुझ्न उनकोमा जाने निधो गरी १०/१५ जना बुज्रुक उनको घरमा बिहान गए । व्यापारीले अहिले फुर्सद छैन भनी राति ७ बजे आउन आग्रह गरे । ती गाउँले राति ७ बजे गए । व्यापारीको घरमा गाउँले पुगे । व्यापारीले अँध्यारो कोठामा बत्ती बाली बस्न आग्रह गर्दै आफू कहाँ आउनुको कारण गाउँलेलाई सोधे । गाउँलेले 'हामी तपाईंकोमा आउनुको कारण तपाईंले यति छोटो अवधिमा सानो व्यापारबाट कसरी यतिको सम्पत्ति जोडन सफल हुनुभयो ? कतै अवैध कारोवार त होइन ? भनी बुझ्न आएका' भने ।

गाउँलेको जिज्ञासा सुनी उनले छोटो अवधिमा व्यापार फस्टाउनुको कारण सुनाउनुअगाडि गाउँलेहरू बसेको कोठाको बत्ती निभाए । गाउँलेले बत्ती निभाउनुको कारण सोधे । व्यापारीले भने, 'तपाईंहरूको जिज्ञासाको जबाफ दिन केही गरेर देखाउनु नपर्ने, मौखिक जबाफ मात्र दिनुपर्ने त हो नि । तपाईंहरूलाई मेरो कुरा सुनाउन किन बत्ती बाल्नुपर्‍यो र ? कुरा त बत्ती नबाल्दा पनि सुनिहाल्नुहुन्छ । कुरा गर्दासम्मको अवधिमा बत्ती निभाए खर्च बचत भई किफायत हुन्छ । यसैले निभाएको हो ।'

गाउँलेले ती व्यापारीले छोटो अवधिमा पैसा कमाउनुको रहस्य बुझी बिदा मागी घर फर्कन लाग्दा उनले गाउँलेलाई यो पनि सुनाए, 'हजुर धेरै धन कमाउनु ठुलो कुरो होइन । जति कमाए पनि कमाएको धनलाई किफायत गरी जोगाउनुचाहिँ ठुलो कुरा हो ।'

अस्ट्रेलियामा शब्दाङ्कुर पाइने ठाउँ

**शब्दाङ्कुर बुक्स एन्ड पब्लिकेसन, अस्ट्रेलिया**

sabdankuraustralia@gmail.com

Phone: 061-0403721631 (Whats App and Viber)

सिडनी, अस्ट्रेलिया

# औडाहा



कात्यायन



प्रस्तोता : दीपक लोहनी

उनले प्रतियोगिताका लागि भर्खरै एउटा कथा पोस्ट गरिन् ।
मैले प्रतिक्रिया जनाएँ, 'अपूरो रहेछ !'
प्रतिक्रियामा प्रश्नै आयो, 'के पुगेन ? यो लघुकथा हो ।'
मैले थपेँ, 'प्रेम !'
झट्ट जवाफ आयो, 'घृणामा बदलिसकेको छ !'
सोधेँ, 'ओँठको घाउ ?'
'निको भयो ।'
'दायाँपट्टिको कालो कोठी ?'
'हटाई सकेँ ।'
'बिछ्यौनामा हिउँ जमिरहेको होला ?'
'हिटर बालिरहेछु ।'
'सुइरोले त पक्कै रोप्लान् नै !'
'डनलप ओछ्याएको छु ।'
'तन्नाको दाग ?'
'ब्रान्डेड वासिङ मेसिन छ ।'
'मनभित्र कोरिएको चित्र ?'
'मनकै अगेनामा डढाइदिएँ ।'
मैले थपेँ, 'घृणाभित्रको छटपटी नि ?'
'... ... ...'

(चाबहिल, काठमाडौँ निवासी लघुकथाकार कात्यायन (धन्मन्तरी मिश्र) ले सानै उमेरदेखि वरिष्ठ साहित्यकारहरूको सत्सङ्गतमा हुर्कने अवसर पाए । उनी कथाकार रमेश विकल र आफ्नै दाजु कणाद महर्षिको प्रेरणाले साहित्यमा रुचि बढेको हो । उनी कविता र लघुकथा लेख्छन् । सूत्रकथा कात्यायनको विशेषता हो । उनको **कोमामा आमा** (सूत्रउपन्यास) प्रकाशित छ । पछिल्लो समय कात्यायनका कतिपय लघुकथा विलोम शैलीसँग समानान्तर छन् ।)


## शब्दाङ्कुरका वितरक

साहित्यिक पुस्तक पत्रपत्रिका सप्लायर्स

चावहिल, काठमाडौँ, फोन : ०१-४४९७३५१/९८४१-१४४९६७/९८४९-७२९६७६

# रमाइलो यात्रा



भीम कोइराला

भनिन्छ, अहिलेका मानिसका पूर्वजको उत्पत्ति अफ्रिकामा भयो । अर्थात् होमोसेपियन्स मानवले अफ्रिकाको जङ्गलबाट यात्रा सुरु गरेर उत्तर अफ्रिका हुदै युरोप एसिया, अमेरिका अस्ट्रेलियासम्म निरन्तर यात्रा गर्दै फैलिरहेका छन् । पहिलेका मानिसले यात्रा गर्दा पैदलै हिडेर दूरी पार गर्नु पर्थ्यो । भइरहेको जीवनभन्दा अझ सुखी जीवन जिउने लालसाले नै मानिसलाई यात्रा गर्न लालायित बनाउँथ्यो । अहिले पनि मानिस एक देशबाट अर्को देश र एक महादेशबाट अर्को महादेशसम्म सुखको खोजी गर्न यात्रा गरिरहेका हुन्छन् । यात्रा गर्नु मानवीय प्रवृत्ति नै हो । मानिस मात्र नभएर यो ब्रह्माण्डका हरेक वस्तुले कुनै न कुनै रूपमा यात्रा गरिरहेका हुन्छन् । भनिन्छ, पृथ्वीलगायत धेरै ग्रहले सूर्यको परिक्रमा गर्दै यात्रा गरिरहेका छन् । चन्द्रमाले पृथ्वी वरिपरि यात्रा गरिरहेको छ । ब्रह्माण्डका हरेक ग्रह र पिण्डहरू निरन्तर यात्रामा छन् । पृथ्वीमा आश्रय लिएर रहेका हरेक प्राणी पनि कुनै न कुनै रूपमा यात्रा गरिरहेका हुन्छन् । कमिला ताँती लागेर यात्रा गरेको हामी देख्छौँ । आकाशमा उडेर हजारौँ माइलको दूरी पार गरेर एक महादेशबाट अर्को महादेशसम्मको यात्रा गरिरहेका चराहरू हामी देख्छौँ । चीनका चरा अनुसन्धानकर्ताले पत्ता लगाएअनुसार वसन्तमा कुहु–कुहु गर्ने कोइली चरो बेइजिङबाट उडेर हजारौँ माइल यात्रा गर्दै दक्षिण अफ्रिकासम्म पुग्दो रहेछ । समुद्रमा रहेका विशालकाय सार्क ह्वेल माछाले हजारौँ माइलको यात्रा गर्ने गरेको कुरा पनि अनुसन्धानकर्ता वैज्ञानिकहरूले पत्ता लगाएका छन् । अर्को मध्यम आकारको समुद्री सालमोन माछा पनि आफ्नो वंशवृद्धिका लागि अन्डा पार्न मिठो पानी बग्ने खोलाको खोजीमा हजारौँ माइलको समुद्री यात्रा गरेर अलास्का आदि ठाउँ पुग्छन् र त्यहाँ पुगेर अन्डा पारेपछि आत्महत्या गरेर भावी पिँढीका लागि स्थान खाली गर्छन् रे ।

आधुनिक मानवको विकाससँगै मानिस स्थिर भएर रहन सकेको छैन । नेपालमा रहेका खस जातिको इतिहास खोतल्दा उनीहरूका पूर्वज हालको अजरबैजानमा पर्ने ककेसस पर्वतबाट पूर्वतर्फ यात्रा गर्दै नेपालसम्म आएका हुन् भन्छन् मानवशास्त्रीहरू । यद्यपि यसमा धेरै बिमति पनि छन् । खस जातिको मात्र के कुरा गर्ने यहाँका आदिबासी भनिएका विभिन्न जाति पनि कोही उत्तर र कोही दक्षिण दिशाबाट यात्रा गर्दै नेपाल प्रवेश गरेको कुरा इतिहासमा पढ्न पाइन्छ । आफूलाई मङ्गोल भन्न रूचाउने नेपालका केही जातिले हिमालयपारिको लामो यात्रा गर्दै नेपाल प्रवेश गरेका कुरा मानव इतिहासका पुस्तकमा पढ्न पाइन्छ । यद्यपि यसमा बिमति राख्ने धेरै छन् । नेपालमा हाल बसोबास गरिरहेका मानिस पनि आफ्नो जीवन यात्राको क्रममा विभिन्न ठाउँमा आन्तरिक बसाइँ सर्ने गरेको पाइन्छ । केही र कोही स्थिर छैन । हाम्रो आयुले पनि विभिन्न चरणको जीवन यात्रा गर्दै कहिल्यै नफिर्ने गरी अन्तिम यात्राका लागि महाप्रस्थान गर्छ ।

यात्राको इतिहास अध्ययन गर्दा बिर्सन नहुने व्यक्तिहरूमा तेह्रौँ शताब्दी (इ.सं. १२७९) तिर इटालीको भेनिस सहरमा बस्ने मार्कोपोलो जसले पैदलै निरन्तर चार वर्षसम्म यात्रा गरेर हजारौँ माइल टाढा रहेको चीन पुगेका थिए रे । उनी त्यहाँ पुगेर धेरै वर्षसम्म चीनका वादशाह कुबलाई खाँको कर्मचारी भई काम गरी बसे । पछि युरोप फर्किएर यात्रा विवरण उल्लेख भएको पुस्तक लेखेका थिए रे । उनीभन्दा धेरै अगाडि चिनिया यात्री ह्वेन्साङले नेपाल हुँदै भारतको यात्रा गरेको कुरा पनि पढ्न पाइन्छ । अमेरिका पहिलोपटक पुग्ने स्पेनका नाविक कोलम्बस (इ.सं. १४९२) र युरोपबाट नाउमा चढेर १० महिनासम्म समुद्री यात्रा गर्दै भारतको केरलमा २० मई १४९८ मा पुगेका भास्को डे गामालाई पनि बिर्सन हुन्न । त्यतिबेलाको यात्रा कठिन थियो । अहिले त हवाई मार्गबाट केही घण्टाको अन्तरालमा एउटा महादेशबाट अर्को महादेशसम्म सहजै पुग्न सकिन्छ ।

हामी पनि २०७९ चैत्र २४ र २५ गते दुईदिने यात्राका लागि विराटनगरबाट बारा जिल्लाको प्रसिद्ध गढीमाई मन्दिर, महोत्तरी जिल्लामा पर्ने जलेश्वर मन्दिर, धनुषा जिल्लास्थित जानकी मन्दिर तथा धनुषाधामस्थित धनुष मन्दिर समेतको दर्शन गर्न प्रस्थान गर्‍यौँ । राष्ट्रसेवक ज्येष्ठ नागरिक समाज विराटनगर-९ मोरङको आयोजनामा भएको धार्मिक अवलोकन भ्रमणमा ज्येष्ठ नागरिक ७१ जना (४ जना स्वयम्सेवक) र बसका स्टाफ ४ जना समेत जम्मा ७५ जना थियौँ । बिहान छ बजेतिर विराटनगर बरगाछीमा सबैतिरबाट हामी भेला भयौँ । गाडी चालकको रायअनुसार हुलाकी राजमार्ग हुँदै सुन्सरीको लौकही भन्ने ठाउँमा पुग्ने कुरा भयो । अनि हामी चढेका दुईओटा बस बरगाछीबाट सिधै पश्चिम केसलियातिर लागे । नयाँ बाटो भएकाले सबैमा केही उत्सुकता थियो । विराटनगर महानगरपालिकाभरिको क्षेत्रमा निर्माणाधीन बाटो भएकाले केही कठिनाइ भयो । केसलिया खोलो तरेर सुन्सरी जिल्ला प्रवेश गरेपछि भने हुलाकी राजमार्ग भेटियो । डबल लेनको राम्रो बाटो रहेछ, बस फिलिली गुड्न थाले । हरिनगरा भन्ने स्थान कटेपछि मकैबारीका बिचमा गाडी रोकेर पिसाब फेर्न ड्राइभरले आदेश दिए । राजमार्गको दुवैतर्फ घना मकैखेती देखेर ज्येष्ठ नागरिकहरू उमेरको समेत ख्याल नगरी उत्पातै रमाएर फोटो खिच्न र टिकटक बनाउन थाल्यौँ । मेहनती कृषकले उत्पादन गरेका मकैबारी र त्यहाँ रमाइरहेका ज्येष्ठ नागरिक देख्दा खुसी नहुने कोही थिएनन् । करिब पन्ध्र मिनेटको रमाइलोपछि त्यहाँबाट प्रस्थान गर्‍यौँ । विराटनगरबाट प्रस्थान गरेको पौने घण्टामा हामी लौकहीछेउ पूर्वपश्चिम राजमार्गमा मिसिन पुग्यौँ । राजमार्ग समाएपछि हुइँकिएको गाडी बिहानको साढे नौ बजेतिर सप्तरी जिल्लाको महुली पुगेर रोकियो । व्यवस्थापन गर्ने साथीले त्यहाँ खाजा खाने बन्दोवस्त मिलाएका रहेछन् । साकाहारी नास्ता दहीच्युरा वा चनाच्युरामध्ये रोजेर खान पाइने रहेछ । इच्छाअनुसार सबैले नास्ता खायौँ । करिब एक घण्टाको अलमलपछि हामी प्रस्थान गर्‍यौँ । साढे एघार बजे दिउँसो बस सर्लाहीको बर्दिवास बजारको सिस होटलअगाडि रोकियो । त्यहाँ खानाको बन्दोबस्त रहेछ । चाँडै खाना खाएर बारा जिल्लास्थित गढीमाई मन्दिर जाने र बेलुका बास बस्न त्यहीँ आउनुपर्ने कार्यक्रम निर्धारित रहेछ । होटल निकै ठुलो र व्यवस्थित रहेछ । त्यति धेरै व्यक्तिलाई खाना खुवाउनु सामान्य कुरा थिएन । तर करिब एक घण्टामा हामी सबैले खाना खाइसकेर एक बजे दिउसोतिर गढीमाई प्रस्थान गर्‍यौँ ।

हरिवन, चन्द्रपुर, बाग्मती, निजगढ हुदै काठमाडौँ–निजगढ फास्टट्र्याकको स्थान समेत कटेपछि राजमार्ग छाडेर बस दक्षिणतर्फ लाग्यो । करिब आधा घण्टा दक्षिण गुडेपछि बस बारा जिल्लाको सदरमुकाम कलैया पुग्यो । त्यहाँबाट पनि करिब पन्ध्र मिनेट जति पूर्व गएपछि दिउँसो तीन बजेतिर हामी प्रसिद्ध गढीमाई मन्दिर पुग्यौँ । बसबाट ओर्लिएर सबै जना देवीको दर्शन गर्नतिर लाग्यौँ । देवीस्थानको दर्शनपछि म लाखको सङ्ख्यामा राँगा, बोका, हाँस, मुसा आदिको बलि दिने स्थानको खोजीमा लागेँ । मन्दिर परिसरदेखि केही पूर्व कम्पाउन्ड वालले घेरिएको ठुलो चउर रहेछ । त्यहाँ बलि दिन ल्याएका हजारौँ राँगा, बोका आदि निरीह प्राणीलाई घेरेर र थुनेर राखिँदो रहेछ र दक्षिणतिर रहेको पिपलको रूखछेउ मौलो गाडिएको रहेछ । त्यही मौलोमा ल्याएर राँगा, बोका आदि काटिने र पिपलको फेदमा रहेको देवीथानमा रगत चढाइँदो रहेछ । निरीह प्रणीलाई काटेर हत्या गरी देवी खुसी हुने कुरामा केकति सत्यता छ त्यो त मेरो समझ र ज्ञानभन्दा बाहिरको कुरा हो तर साकाहारी देवता विष्णुको प्रतीकका रूपमा रहेको पिपल वृक्षका फेदमा बहने हजारौँ प्राणीको रगतसँग के सम्बन्ध छ ? यो विषयमा मैले केही अनुमान लगाउन सकिनँ । मेरो मनमा उठेका धेरै प्रश्नको जबाफ दिने त्यहाँ कोही थिएन ।

करिब दुई घण्टाको दर्शनभ्रमणपछि हामी त्यहाँबाट प्रस्थान गऱ्यौँ । पहिले गएकै बाटो फिरेर राजमार्ग पुगियो । बाग्मती नदीको पुल तरेर पूर्व लाग्नासाथ दुई किलोमिटर दक्षिणमा बाग्मती नदीको पानीलाई सदुपयोग गरी निर्माण गरिएको विशाल तलाउ हेर्न पुग्यौँ । बाग्मती गा.पा.का अध्यक्ष भरत थापाको पहलमा निर्मित भएकाले सो तालको नाम पनि भरतताल राखिएको रहेछ । लगभग फेवाताल आकारमा रहेको भरततालमा पुग्दा गोधूलि बेला भइसकेकाले राम्रो अवलोकन गर्न पाइएन । अर्कोपल्ट समयमै पुगेर तालको आनन्द लिने अठोट गर्दै बर्दिबास प्रस्थान गऱ्यौँ । रातको नौ बजेतिर हामी बर्दिबास पुगेर सिस होटलमा खाना खाई त्यसै लजमा सुत्यौँ ।

भोलिपल्ट २०७९ चैत्र २५ गते बिहान चिया पिएर महोत्तरी जिल्लाको सदरमुकाममा रहेको प्रसिद्ध जलेश्वर महादेवको दर्शन गर्न प्रस्थान गऱ्यौँ । लगभग एक घण्टाको यात्रापछि हामी जलेश्वर पुग्यौँ । बिहानको साढे आठ बजेतिर हामी पुगेका थियौँ । करिब दुई घण्टा जलेश्वर महादेव मन्दिर परिसरमा दर्शन तथा घुमफिर गरेर जानकी मन्दिरको दर्शन गर्न जनकपुर प्रस्थान गऱ्यौँ । एघार बजे दिउँसो हामी जनकपुरस्थित जानकी मन्दिरअगाडि थियौँ । मन्दिर अगाडिको होटलमा खानाको बन्दोबस्त रहेछ । दर्शनपछि खाना खाने भनेर हामी तितरबितर भयौँ । प्रसिद्ध जानकी मन्दिरलगायत विभिन्न देवीदेवताका मन्दिरमा दर्शन गर्ने कार्यमा सबै जना व्यस्त भयौँ । मधेस प्रदेश मुख्यमन्त्रीको कार्यालयका सचिव एवम् साहित्यकार नूरहरि खतिवडालाई मैले लेखेका केही पुस्तक उपहार दिन भनेर (साबिक जनकपुर चुरोट कारखाना भए ठाउँ जहाँ अहिले प्रदेश स्तरीय कार्यालयहरू छन्) मुख्यमन्त्री कार्यालयअगाडि पुगेँ । छुट्टीको दिन परेछ भेट भएन । नूरहरि सरलाई पुस्तक दिने सर्तमा गेटमा सुरक्षार्थ बसेका प्रहरीलाई पुस्तक छाडेर फर्किएँ । त्यहाँ नेपालको एक मात्र जनकपुर जयनगर चल्ने नयाँ रेल देख्ने मौका मिल्यो ।

जनकपुरका विभिन्न मन्दिरको दर्शन, घुमघाम तथा खाना खाने कामसमेत सकेर करिब एक

बजेतिर धनुषाधामस्थित धनुष मन्दिरतर्फ प्रस्थान गऱ्यौँ । आधा घण्टापछि हामी धनुषा धाममा थियौँ । सीता स्वयम्बरका बेला भगवान् रामले शिवको धनुष उठाउँदा तीन टुक्रा भएमध्ये बिचको भाग त्यहाँ रहेको विश्वास रहेछ । जमिनको केही गहिराइमा चुनढुङ्गा जस्तो देखिने वस्तुको केही फैलावट रहेछ । त्यसैलाई धनुष भनेर विश्वास गरी पुजा गरिँदो रहेछ । सत्यता के कति छ त्यो त विद्वान्ले बताउने कुरो हो । हामी त केवल भक्त थियौँ दर्शन गरेर आयौँ । करिब एक घण्टा त्यहाँ बिताएर विराटनगरका लागि प्रस्थान गऱ्यौँ । निरन्तर दुई घण्टाको बसयात्रापछि अघिल्लो दिन खाजा खाएको स्थान सप्तरी जिल्लाको महुलीमा पुगेर बस रोकियो । फेरि त्यहाँ दहीच्युरा वा चनाच्युरा आआफ्ना इच्छाअनुसार खाजा र चिया खाएर बेलुका छ बजेतिर त्यहाँबाट विराटनगर प्रस्थान गऱ्यौँ । विराटनगर घरमा आइपुग्दा रात्रिको नौ बजिसकेको थियो । दुई दिनको छोटो तीर्थयात्राबाट ज्येष्ठ नागरिकको अनुहारमा देखिएको प्रफुल्लता र खुसी नापिनसक्नु थियो ।

(bhimkoirala2015@gmail.com)

लघुकथा

# दुई लघुकथा



**मुरारीराज मिश्र**
**(उमामहेश्वर मार्ग, कुमारीगाल, काठमाडौँ ७)**

## १. समय

हिजो : ऊ विद्यार्थी थियो । चिच्याउँथ्यो, 'हामीले पढ्न चाहेर मात्रै के गर्नु ! पढाउने राम्रो शिक्षक पनि त चाहियो !'

आज : ऊ शिक्षक छ । चिच्याउँदै छ, 'हामीले पढाएर मात्र के गर्नु ! राम्रा विद्यार्थी पनि त चाहियो !'

## २. गुराँस

'गुराँसको एउटा हाँगो भाँचिदिनुस् न मेरा लागि ।' उनले भनिन् ।

'हेर त, भिरका रूखहरूमा ढकमक्क फुलेका ती फूल कति मनमोहक देखिएका छन् ! भुइँमा छरपस्ट फूल र हाँगामा त्यो सुन्दरता भेट्छ्यौ तिमीले ? त्यसैले हेर, रमाऊ अनि तस्बिर खिच न ! हाँगै किन चाहियो ?' मैले जबाफ दिएँ ।

'उता हेर्नुस् त ! यहाँ आएका सबैका जोडी, गुराँसका राताम्ये हाँगो बोकेर रमाउँदै हिँडिरहेका छन् । तस्बिर खिच्दै छन् तर तपाईं भने कति निरश मान्छे हैं ! एउटा हाँगो लाछिदिन पनि नमान्ने ! कस्तो बुढा पाइछु मैले त !' उनी ठसक्क पर्दै फत्फताइन् ।

मैले सम्झाउँदै भनेँ, 'प्राकृतिक सौन्दर्य त नियाल्न पो मजा आउँछ ! यो सौन्दर्य मास्न उद्धत मानवीय प्रवृत्ति देखेर दिक्क लाग्छ मलाई !'

(mrmishra2023@gmail.com)

संस्मरण

# केही पाइला तिमी चाल्नु जँघार म तारिदिउँला



डा. दामोदर रेग्मी

गीत नलेखे पनि मलाई अरूका गीत सुन्ने खुबै इच्छा थियो । बेलाबखत रेडियो नेपालमा गीत फरमाइस गर्ने पनि गरिन्थ्यो । फरमाइस लोकप्रिय गीतमा गरिन्थ्यो । गीत बज्नुपूर्व फरमाइसकर्ताको नाम लिँदा सञ्चालकले आफ्नो नाम उच्चारण गर्दा खुब खुसी लाग्थ्यो । अरू कसैले कुनै दिन भेट्दा रेडियोमा तपाइको नाम आएको थियो । राम्रो गीत फरमाइस गर्नुभएको रहेछ भनेको सुन्दा खुसीको सीमा रहँदैनथ्यो । रेडियो नेपालको बाल कार्यक्रममा केही कविता र निबन्ध पठाइयो । केही प्रसारित पनि भए । सुप्रसिध्द गीतकार तथा कार्यक्रम सञ्चालक किरण खरेलले रेडियो नेपालमा चलाउनुभएको एउटा कार्यक्रममा पूरै कार्यक्रमका गीत मेरो कथामा आधारित भएर बजेको थियो त्यो धेरै जनाले सुन्नुभएको रहेछ ।

स्कुल पढ्दा शुक्रवार नियमित हुने कविता, वादविवाद, निबन्धलगायतका अतिरिक्त क्रियाकलापमा भाग लिने जाँगरले मलाई लेखनतर्फ प्रेरित गरायो । विद्यालयका ती दिनमा भविष्यमा साहित्यकार, गीतकार कवि वा लेखक बनुँला भन्ने पूर्वनिर्धारित उद्देश्यअनुसार लेख्ने गरिएको थिएन ।

विद्यालयको पढाइ सकेपछि कलेज जीवन सुरु भएसँगै कविता लेख्न चटक्कै छाडियो जाँगर नचलेर हो वा सृजनशीलता समाप्त भएर हो । यसको कारण भने मसँग अहिलेसम्म छैन । तर लेख लेख्ने र प्रकाशन गराउने काम भने धिमा गतिमा बढ्दै गयो । कछुवा गतिको यो लेखाइले अलि पछि गएपछि खरायो गति समाउन पुग्यो ।

पछि कुनै घटना विशेषले गीत लेख्न थालियो । अलिपछि केही गीत समेटेर 'सिरेटोले छुँदै छुन्न' नामक गीतिसङ्ग्रह तयार भयो । यो सामाजिक सञ्जालद्वारा सार्वजनिक र यसका केही गीतको स्वराङ्कन तथा भिडियो म्युजिक सार्वजनिक भएपछि म गीतकारको भूमिकामा समेत पाउनु मेरा लागि खुसीको कुरा भएको छ । गीतकारको यो भूमिकाले समाजका यावत् घटना वा परिवेशलाई शब्दमार्फत रचनामा समावेश गर्ने दायित्व थपिएको छ । गीत वा रचना सामाजिक परिवेशलाई शब्दमा रूपान्तरण गर्ने कला मात्र होइन, यसले सामजिक जीवनका पक्षलाई कल्पनाको आकर्षक आवरणमा प्रस्तुत गरिदिन्छ । गीतकारहरू कहिलेकाहीँ त्यो कथाको पात्र मै हुँ कि भन्ने अनुभूतिका साथ गीत सिर्जना गर्छन् । कथाका पात्रका रूपमा आफूलाई राखेर गीत वा कविता सिर्जना गरियो भने त्यो रचना बढी वास्तविकतामा आधारित हुन्छ । आम मानिसजस्तै सर्जक पनि यही समाजका व्यक्ति हुन् । समाजमा हुने घटनाबाट सर्जक प्रभावित भइरहेका हुन्छन् । उनीहरूको लेखनको मूल स्रोत नै सामजिक परिवेश र परिवेशभित्रका पर्यावरणहरू हुन् । लेखक कहिले पनि सामाजिक परिवेश र पृष्ठभूमिबाट बाहिर जान सक्दैन । ती परिवेशहरूमा केही आकर्षक नयाँपन सिर्जनशीलता र साजसज्जा थपेर पाठक, स्रोता वा दर्शकको मन आकर्षित गर्ने क्षमता सर्जकमा पक्कै हुन्छ ।

यस्ता रचनाले समाजमा सकारात्मक सन्देश प्रवाह गर्न सक्नुपर्छ । सर्जक सिर्जनाका उत्पादनकर्ता मात्र होइनन्, यिनीहरू सकारात्मक समाज निर्माणका संवाहक पनि हुन् । मैले लेखेको 'सिरेटोले छुँदै छुन्न' गीतिसङ्ग्रहका अधिकांश गीतलाई यही धारमा प्रस्तुत गर्ने प्रयास गरेको छु । यस गीतिसङ्ग्रहमा 'नबिर्सने कथाको मिठो पाना तिमी, धर्तीकी अप्सरा, सिरेटोले छुँदै छुन्न, हराभरा जीवन हाम्रो प्रेमको, मनको वेदना कुन चिठी लेखुँ, तारा जूनको यो रातमा, प्रकृतिलाई मुटुमा साँच्ने कि, केही पाइला तिमी चाल, कथाको विसर्जन, कथाले जे माग्यो त्यो भोगिदिएँ, खियाऊँ नङ्ग्रा यही देशको खातिर सेवा, त्यो लजालु मुस्कानले तीर नहान, हाँसोमा रहेछ कृत्रिम चास्नी, वासन्ती सुवास लिएर तिमी आउन, बादल लाग्यो त्यो डाँडापारि खुल्ने हो कहिले, बिर्सेर पनि नबिर्सने त्यो असीम याद, आज फेरि प्रेमिल वर्षा बर्सायो, सायद जिन्दगी यस्तै रहस्यको जाल छ, विसाऊँ कि कथा अब यात्रा नै छैन, बिर्सने पो कसरी परेली कुरिरहेछ, खुसीको बहार छायो, एक अँजुली मायाको उपहार छरिदेऊ, अप्सरा भुलाउने लाली त्यो यौवन, बन्द पाना पुस्तकका एकान्तमा पल्टाउनु र जिन्दगीको यो पाठशालाले धेरै पढायो' शीर्षकका गीतहरू समावेश छन् । आफूले लेखेका सबै गीतहरू आफूलाई मन पर्ने नै हुन्छन् । तथापि कहिलेकाहीँ केही गीत अलि बढी नै मन पर्ने गर्छ । यसमध्ये 'अलिकति हाँस्नु तिमी अलिकति म हाँसुला, बादलुले ढाकेको त्यो घामको घुम्टो म खोलुँला' बोलको गीत लेखनकै क्रममा विशेष मन परेको थियो तर विविध कारणवश रेकर्डिङ हुने पहिलो सौभाग्य भने 'एक अञ्जुली मायाको उपहार छरिदेऊ, त्यो मुटुभित्रको सन्दुकको हीरा फोरिदेऊ अबोध निश्चल त्यो नयनमा समाइदेऊ, फूलैफूलको बाटिकामा प्रेमवर्षा गराइदेऊ' ले पायो जसमा गायन क्षेत्रका सदावहार बादशाह आनन्द कार्कीको स्वर र वरिष्ठ सङ्गीतकार किरण कडेलको सुमधुर सङ्गीत थियो । मैले सुन्ने गरेको थिएँ, गीतकारको शब्द गायक र सङ्गीतकारमा पुगेपछि उहाँहरूको चाहनाअनुसार र लयको मागबमोजिम परिवर्तन हुन्छ । धेरै गीतकार यस पीडामा रहेको पाइयो तर मेरो गीतमा त्यस्तो भएन । उहाँहरू दुवैले कुशल गायक र सङ्गीतकारको अमिट छाप छाड्नुभयो । मैले दिएकै शब्द र लाइनहरू यथास्थितिमै स्वराङ्कन भयो । सङ्गीतकार किरण कडेलको सङ्गीत र आनन्द कार्कीको मनमोहक स्वरले मेरा हरेक शब्द र भावलाई पूर्ण न्याय गरेर गीत तयार भयो । 'अलिकति हाँस्नु तिमी अलिकति म हाँसुला, बादलुले ढाकेको त्यो घामको घुम्टो म खोलुँला' बोलको गीतमा दोस्रो स्वराङ्कन र दोस्रो म्युजिक भिडियो बन्यो । यसको गायन नेपाल आइडलबाट चर्चित प्रताप दास र नेपालकी अल्का याग्निकको नामबाट परिचित अनु चौधरीको रह्यो भने सङ्गीतकार डिबी लामा रहे ।

यसै वर्षको सुरुमै गायन, सङ्गीत र अभिनयमा नाम कमाएका मुरलीधरसँग भेट भयो । मुरलीधर नेपाल आउँदा सधैँ केही गीत गाएरै जानुहुन्छ । यसपटक उहाँले मेरा शब्दमा पनि गीत गाउने चाहना गर्नुभयो । पूरै गीतिसङ्ग्रह उहाँलाई थमाएँ । उहाँ त त्यहीँ नै मेरा गीत गुन्गुनाउन थाल्नुभयो । तैपनि पहिलो बसाइमै कुन गीत गाउने भन्ने निधो गर्न हामी दुवैलाई सजिलो थिएन । केही दिनभित्र मुरलीधरले दुईतीनओटा गीतको डमी तयार गर्नुभयो । डमी सबै राम्रा थिए किनकि त्यसमा मुरलीधरको स्वर थियो । भिन्न धारका हरेक शब्दलाई कसरी स्वरमा रूपान्तरण गर्ने उहाँसँग बेजोड कला रहेछ । मैले चिनेका मुरलीधरभन्दा माथिको

कोटीमा उहाँलाई पाएँ । ती डमीमध्ये मेरो विशेष अनुरोधमा 'सिरेटोले छुँदै छुन्न' बोलको गीत गाउने कुरा तय भयो । मेरो गीतिसङ्ग्रहको नाम पनि यसै गीतबाट रहेकोले यो गीत मुरलीधरजस्तो लोकप्रिय सङ्गीतकार र गायकले गाइदिनुपर्छ भन्ने मेरो भनाइमा उहाँ सहमत हुनुभयो । उक्त गीत साह्रै नै कर्णप्रिय बन्यो । मुरलीधरले राम्रो सङ्गीत र स्वर तयार गरिदिनुभयो । गीत सार्वजनिक भएपछि सकारात्मक प्रतिक्रिया आउन थाल्यो । गीतका 'साहस त जुटाउँला खेर जान दिने छैन, तिम्रो जीवनको यात्रा नटुटोस कुनै दिन' भन्ने हरफमा धेरै जनाबाट तारिफ आयो र गीतमा रहेको 'सिरेटोले छुँदै छुन्न' शब्दको आलापले पनि अति प्रशंसा पायो । विरह भावमा रहेको गीतको यो हरफले आशावादी सन्देश प्रवाह गरिरहेको थियो सायद । यसैले धेरैले रुचाउनुभयो ।

मैले सहकार्य गरेका सङ्गीतकारमध्ये डिबी लामा धेरै सम्भावना बोकेका सङ्गीतकार हुनुहुन्छ । शब्दअनुरूपको सङ्गीत र गायकगायिकाको चयनमा उहाँ अति पोख्त हुनुहुन्छ । 'अलिकति हाँस्नु तिमी अलिकति म हाँसुला, बादलुले ढाकेको त्यो घामको घुम्टो म खोलुँला' बोलको गीतमा उहाँसँग मेरो सहकार्य भएको थियो । यसले उहाँसँगको सहकार्यको निरन्तरताको बाटो प्रशस्त गरिदियो । चुनौतीलाई स्वीकार्दै कर्मक्षेत्रमा लागिरहनुपर्ने सकारात्मक भाव बोकेका वाक्यहरू गीतमा प्रयोग भएका थिए । थप केही वाक्यांश यस्ता थिए, 'जिन्दगी त जिन्दगी नै हो बाधा अड्चन आइरहन्छन्, चम्किरहने त्यो चन्द्रमालाई पनि ग्रहणले छोपिदिन्छन्', 'घामपानी हो जीवन पछ्याइरहन्छन् सधैँ सधैँ, मूर्ति बन्न ढुङ्गाले पनि चोट सहन्छन् धेरै धेरै', 'केही आँट बढाऊ तिमी उत्साह म थपिदिउँला, केही पाइला तिमी चाल्नु जँघार म तरिदिउँला', 'सुखदुःख हो जीवन घुमिरहन्छ सधैँ सधैँ, अँध्यारोमा सूर्य पनि हराउँछ कहीँकतै ।' गीतको सफलतासँगै यी हरफ धेरै चर्चित बने । यिनमा भिडियो, रिल र टिकटक धेरै बने ।

मेरा शब्द, डिबी लामाको सङ्गीत र समीक्षा अधिकारीको स्वर रहेको 'डाँडापारि घाम डुब्यो तिमी किन आएनौ, चराहरू बास बसिसके तिमी अझै आएनौ' बोलको गीतमा पनि सुखद अनुभूति भए । सो गीत महिला स्वरका लागि तयार गरिएको थियो तर पुरुष स्वरमा आएको डमी पनि अति नै कर्णप्रिय बन्यो । समीक्षाको स्वरमा गरिएको स्वाराङ्कन मनमोहक बन्यो । गीतले विरहगाथा बोकेको थियो । यसका शब्द र हरफमा स्रोताबाट राम्रो पृष्ठपोषण प्राप्त भयो । 'मनभरिको वेदना यो कुन चिठीमा लेखुँ, पुऱ्याइदिने हुलाकी म कतै छन् कि खोजुँ' हरफले धेरै प्रशंसा पायो ।

यी एकाध प्रतिनिधिमूलक अनुभूतिले गीत वा कुनै रचना सामाजिक परिवेशलाई शब्दमा रूपान्तरण गर्ने कला मात्र होइन, यसले सामजिक जीवनका पक्षलाई कल्पनाको आकर्षक आवरणमा प्रस्तुत गर्दा गीतको भाव र निष्कर्ष सकारात्मक र आशावादी भएका सिर्जना तुलनात्मक रूपमा रुचाइँदो रहेछ । यसर्थ सर्जक काल्पनिक दृश्यमार्फत समाजमा सकारात्मक सन्देश छर्न सक्ने संवाहक हुन् । मेरा आगामी गीतका भाव र शब्द फरक हुन सक्लान् तर आफैले लेखेको 'केही पाइला तिमी चाल्नु ....' ले एउटा सकारात्मक र आशावादी सन्देश प्रवाह गर्न सकेजस्तै यही धारलाई समाउने उत्प्रेरणा मिलेको छ ।

(regmi.damodar@gmail.com)

आलेख

# मानिसहरू आत्महत्या किन गर्छन् ?



नवराज न्यौपाने 'मौन'

हरेक मानिसलाई दैनिक आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन आवश्यक हुन्छ । यी तीन कुराको सन्तुलन मिलेन भने मान्छेमा अस्वभाविक परिवर्तन आउन थाल्छ । शारीरिक रूपले स्वस्थ हुँदाहुँदै मानसिक रूपमा कमजोर हुन थाल्छ । जब मानिसको जीवनमा खुसी दिलाउनेभन्दा पीडा दिलाउने घटना बढी घट्छन् तब अधिक समय दुःखी हुन्छन् । धेरै समय दुःखी भएर बस्दा मानिसको दिमागमा सकारात्मक सूचना प्रवाह गर्ने रसायनमा कमी हुन थाल्छ । त्यसपछि मानिस अवसादन अर्थात् डिप्रेसनको सिकार बन्छ । डिप्रेसनमा व्यक्तिको दिमागमा सूचना प्रवाह गर्ने (सिग्नल सब्स्ट्यान्स) सेरोटोनिन, डोपामिन र नोरअड्रेनलिनमा असर पर्छ । सेरोटोनिनले व्यक्तिमा सकारात्मक विचार प्रवाह गर्न मद्दत गर्छ । डिप्रेसन हुँदा सेरोटोनिनको मात्रा घट्छ। यसैकारण चिकित्सकले डिप्रेसनका रोगीलाई सेरोटोनिनको मात्रा बढाउने औषधी दिन्छन् ।

डिप्रेसनको सिकार भएको मानिसमा आत्मबल, आत्मविश्वास र आत्मसम्मानको खडेरी पर्छ । उसलाई जीवन निस्सार लाग्न थाल्छ । निरर्थक जिन्दगी बाँचिरहनुभन्दा मर्नु नै जाती भन्ने धारणा पलाउन थाल्छ । ससाना कुराले पनि लामो समय दुःखित बनेर समय गुजार्ने मानिस डिप्रेसनको सिकार बन्छ । अक्सर आफूप्रति गरिएको अप्रिय बोलीव्यवहारको तत्काल प्रतिवाद गर्न नसक्ने र दुःखी भएर एक्लै समय बिताउने मानिसलाई डिप्रेसनले छिटो आक्रमण गर्छ । डिप्रेसनले गाँजेपछि मानिसका क्रियाकलाप असामान्य बन्छ । उसको दिमागमा एउटा अमूल्य जीवनलाई सजिलै समाप्त पार्ने सोच पलाउँन थाल्छ ।

विश्वमा अवसादन अर्थात् डिप्रेसनका कारण बर्सेनि करिब सात लाख मानिसले जीवन त्याग्छन् । नेपालमा पनि हरेक वर्ष सात हजार जतिले आत्महत्या गर्ने गरेका छन् तर तथ्याङ्क नराखिएको हुँदा योभन्दा पनि बढी हुन सक्ने अनुमान छ ।

डिप्रेसन भएको मानिसले औषधी खाएर मात्र रोग निको हुँदैन । जुन घटना र व्यवहारका कारण डिप्रेसन भएको हो, ती घटना र व्यवहार उसका सामु दोहोरिन दिनु हुँदैन । उसलाई पारिवारिक बातावरण, प्रेम, सद्भाव, समन्वय र मनोरञ्जनको हुन्छ । दुःखपीडा भुल्न हमेसा खुसीयाली वातावरण सिर्जना गर्नुपर्छ । आत्महत्या गर्नु कायर मानसिकताको उपज मात्र होइन, धार्मिक दृष्टिले पाप हो । शास्त्रमा भनिएको छ, 'आत्महत्या गर्ने मान्छे कहिल्यै स्वर्गमा जाँदैन । त्यसको सजाय उसले अवश्य भोग्नुपरेको हुन्छ ।'

त्यसैले हमेसा सकारात्मक सोच बढाउने क्रियाकलापमा सहभागीता जनाऔँ । मस्तिष्कमा सेरोटोनिनको कमी हुन नदिन दुःखपीडा भुलेर हाँस्ने, खेल्ने र रमाउने गरौँ । जिन्दगीलाई सार्थक तुल्याउन घरपरिवार, देश र समाजमा मिलेर सुन्दर जीवन जिउने प्रण गरौँ ।

(navarajn108@gmail.com)

समालोचना

# 'आराधना' आत्मकथाको विहङ्गावलोकन

रमेशकुमार श्रेष्ठ
(उपप्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन)



## नेपाली साहित्यमा किन लेखिँदै छ आत्मकथा ?

घोस्ट राइटिङको प्रभावले हो या लेखक बन्ने लालसाले; यतिबेला नेपाली साहित्यमा आत्मकथा प्रशस्त लेखिन र छापिन थालेका छन् । भाषासाहित्यसँग गहिरो सम्बन्ध भएका सत्यमोहन जोशी होस् कि राजनीतिसँग गहिरो सम्बन्ध भएको सूर्यबहादुर थापाका बारेमा लेखिएको आत्मकथा होस्; पाठकले रुचाएकै छन् । अझ भाषासाहित्य र सामाजिक सेवामा पहिले कहिल्यै देखा नपरेका रुक्माङ्गद कटुवाल, छत्रमान गुरुङ र विनोद चौधरीका लेखाइएका आत्मकथाले पनि बजार लिएकै छन् । यसले बताउँछ, पाठकको रुचि फरक फरक छ ।

पाठकले रुचाएपछि लेखक हौसिनु राम्रो हो । जीवनमा भोगेका यावत् भोगाइलाई कलाको लेप लगाएर यथार्थको नजिक रही प्रस्तुत गर्नु आत्मकथा हो । यस्ता आत्मकथा कतिपय पाठकका लागि प्रेरणा स्रोत बन्न सक्छ । यही मेसोमा **आराधना** (२०७४) नामक आत्मकथा लिएर पेसाले पूर्व शिक्षक र रुचिले साहित्यकार रेशमलाल श्रेष्ठ पनि देखा परेका छन् ।

## चिनारीमा स्रष्टा रेशमलाल श्रेष्ठ

व्यक्तिको परिचय विभिन्न परिवेशमा भिन्न भिन्न हुन सक्छ । ठाउँअनुसार व्यक्तिले फरक फरक परिचय दिनुपर्ने हुन सक्छ । अझ व्यक्तिभित्र विविध खालका व्यक्तित्व छन् भने त कुरै अर्को हुन्छ । जसरी बालक हुर्किंदै गएपछि उसका नाता सम्बन्धमा विस्तार हुन्छ त्यसै गरी व्यक्तिले परिचयको दायरा फराकिलो बनाउँदै लैजान्छ । आराधनामा श्रेष्ठ लेख्छन्, *मैले शिक्षा क्षेत्रमा २०२२ सालदेखि २०६७ सालसम्म अविच्छिन्न सेवा गरेँ । त्यस अवधिभरि शिक्षा क्षेत्रभन्दा दायाँ बायाँ म कुनै क्षेत्रमा पनि लागिनँ । मेरो पैँतालीस वर्षको शिक्षा साधनाले मलाई एकोहोरो बनायो । केही सामाजिक सङ्घसंस्थाहरूमा भने म पहिलेदेखि नै संलग्न छु । तर कुनै राजनीतिक विचारधाराले मलाई आकर्षित गरेन ।*

बन्दीपुरको भानु मा.वि. र रत्नराज्यलक्ष्मी नि.मा.वि. तथा नारायणगढको बालकुमारी मा.वि.जस्ता सरकारी विद्यालयमा २५ वर्ष तथा नारायणगढकै स्मल हेभन आ.मा.वि.मा २० वर्ष गरी पैँतालिस वर्षको लामो शिक्षण अनुभव सँगालेका श्रेष्ठको मूल परिचय शिक्षक नै हो । गायन र अभि( नयमा रुचि राख्ने हुनाले उनको अर्को परिचय कलाकार पनि हो । उनी गीत, कविता तथा कथा लेखनमा पनि सक्रिय रहेकाले उनको अर्को परिचय साहित्यकार पनि हो । त्यसबाहेक विभिन्न सामाजिक सङ्घसंस्थामा पनि उनी सक्रिय छन् । यहाँ उनको **आराधना**का बारेमा चर्चा गरिन्छ ।

## आराधनाका वस्तुपक्ष

उनले प्रस्तुत कृतिमा 'प्रसव पीडा' शीर्षकमा आत्मकथा लेखनबारे स्पष्ट धारणा राखेका छन् ।

*आत्मकथा जीवनका अविस्मरणीय भोगाइहरूको अभिलेख हो । यसभित्र आफूले जीवनभर भोगेका सम्पूर्ण कथा व्यथाहरू सकभर नछुट्ने गरी समावेश गरिएका हुन्छन् । मेरो यो आत्मकथा सुरु गर्ने बेलामा मलाई यिनै कुराहरूले घच्घच्याएका थिए । त्यसै हुनाले म जत( ततै छताछुल्ल पोखिएको छु ।*

*मैले जीवनमा भोगेका कैयौँ यस्ता घटनाहरू पनि छन् जसलाई मैले यसअघि मेरो परिवारका कुनै पनि सदस्यहरूलाई सुनाएको छैन । मेरा ती सबै भोगाइहरूलाई यसभित्र खुलस्त राखूँ कि नराखूँ भन्ने दुविधामा थिएँ । तर आत्मकथा जीवनको खुल्ला डायरी हो । त्यसैले ती सबै भोगाइहरूलाई खुलस्त रूपमा राखिनुपर्छ । सकेसम्म ती भोगाइहरूलाई सबैले थाहा पाउने गरी छर्लङ्गिनुपर्छ भनेर मलाई मेरो अन्तरात्माले बारम्बार भनिरह्यो । त्यसैले मैले मेरो यस आत्मकथामा यथासम्भव सबै भोगाइहरूलाई खुलस्त रूपमा राख्ने प्रयत्न गरेको छु ।*

**आराधना** जीवनको आराधना हो । यसलाई आत्मकथाकार श्रेष्ठले जीवनमा भोगेका विविध खालका भोगाइको फेहरिस्त बनाउन खोजेका छन् । आत्मकथा लेख्दा सकभर जीवनमा भोगेका घटना नछुटुन् भन्ने ध्येय रहेको छ । तर कृतिभित्र कतिपय घटना पटक पटक दोहोरिएका छन् । उदाहरणका लागि उनको पहिलो जागिरको प्रसङ्ग, स्मल हेभन स्कुलको स्थापनाको सन्दर्भ, स्मल हेभन स्कुल बिक्री गर्नुपर्दाको पीडालाई लिन सकिन्छ । यी घटना विभिन्न सन्दर्भमा दोहोरिएका छन् । लेख्ने क्रममा 'मैले यसअघि नै यो घटना उल्लेख गरेको छु' भनेर लेखकले भनेको भए पनि एउटै घटना पटक पटक दोहोऱ्याउनु पाठकका लागि भने दिक्कलाग्दो बनेर कृतिमा आएको छ ।

## आराधना आत्मकथाभित्रका शीर्षकहरू

आराधना ३५६ पृष्ठको आयाममा फैलिएको छ । यसको आरम्भमा 'प्रसव पीडा' र अन्त्यमा ' आभार' शीर्षकमा श्रेष्ठका धारणा छन् । ८६ ओटा शीर्षकमा बाँडिएको कृतिको पहिलो शीर्षक 'मेरो जन्म' हो भने अन्तिम शीर्षक 'बोनसमा बाँचेको जिन्दगी' हो । यसका अधिकांश शीर्षक तीन पृष्ठको आयाममा फैलिएको छ भने केही शीषर्क दुई पृष्ठका छन् । सबैभन्दा बढी पृष्ठमा फैलिएको शीर्षक 'आराधना' हो जुन ७८ औँ स्थानमा छ र यसले १६ पृष्ठको आयाम ओगटेको छ । यस शीर्षकमा नयाँ कुराभन्दा पनि पुरानै कुराको आवृत्ति छ ।

पाठकलाई पढ्दा दिक्क नलागोस् भन्ने ख्याल लेखकले गरेको कुरा कृतिभित्र प्रवेश गरेपछि थाहा हुन्छ । आफूले भोगेका फरक फरक खालका भोगाइलाई फरक फरक शीर्षकमा समेट्न शीर्षकीकरण गरिएको हो भन्ने प्रस्ट हुन्छ । कतिपय कुरा त शीर्षक पढेपछि नै बुझिने खालका छन् । लेखकले जन्म, बाल्यकाल, सानोमा गरेका बदमासी, शिक्षादीक्षा, जागिर, तालिम, समाजमा खेलेका विभिन्न भूमिका, विवाह, सन्तानप्राप्ति, विदेशभ्रमण, लेखन अनुभव, जीवनका बारेमा धारणा खुलस्त रूपमा राखिएका छन् । उनी आफ्ना बारेमा 'मेरो स्वभाव शीर्षक'मा लेख्छन् :

*आस्तिक भएर पनि धेरै साजसज्जाले सिँगारिएका धार्मिक कार्यहरूमा सरिक हुन नचाहने मेरो यो अव्यवहारिक स्वभावले गर्दा कहिलेकाहीँ म असामाजिक प्राणी भएको जस्तो भान हुन्छ । मनले पूजा गर्छु तर म नियमित रूपले मठमन्दिरहरू धाउँदिन । दीनदुःखीहरूलाई माया गर्छु तर दया गर्न जान्दिनँ । धेरै साथीहरू छन् तर सबैलाई साथ दिन सक्तिनँ । यी*

*मेरा आफ्ना आन्तरिक कमजोरीहरू हुन् जसलाई मैले आजसम्म सच्याउन सकेको छैन । अच्युत त देवतामात्र हुन्छन् । मेरो दृष्टिमा च्युत र अच्युतको सम्मिश्रण नै मान्छेको सक्कली रूप हो । त्यसैले म आफ्ना कमजोरीहरूमै टेकेर मान्छे बन्ने प्रयत्नमा लागिरहेको छु ।*

यसप्रकार **आराधना** श्रेष्ठको जीवनभोगाइको फेहरिस्त हो । यसमा सिङ्गो जीवनलाई सिनेमाको पर्दामा उतारेजस्तो गरी उतार्ने काम लेखकले गरेका छन् । पहिलो यौनको अनुभूतिदेखि लिएर जीवनमा गरिएका प्रेमका प्रसङ्गलाई समेत छुटाएका छैनन् । कतिपय पाठकलाई ती कुरा नभए पनि हुने हो कि भन्ने लाग्न सक्छ तर लेखकलाई लागेका कुरा यसमा खुलस्त राखिएकोले यो कृति उनको जीवनको साङ्गोपाङ्ग प्रस्तुति बनेको छ ।

## आराधनाको साहित्यिकता

**आराधना**मा उनले सम्झन सक्ने उमेर अर्थात् बाल्यकालदेखि सत्तरी वर्षको उमेर पुग्दासम्मका जीवनका आरोहअवरोहको सुन्दर चित्रण गरेका छन् । आजका युवालाई कथाजस्तो खालका घटना पनि यसभित्र समेटिएका छन् । उदाहरणका लागि उनको स्कुल फिस तिर्दाको कुरा, प्रवेशिका परीक्षा दिन काठमाडौँ जाँदाको सन्दर्भ, उनले सुरुमा जागिर खाँदा पाएको तलब, सुरुमा जग्गा किन्दाको मूल्य आदिलाई लिन सकिन्छ । यथार्थ चित्रण भए पनि यसमा प्रयोग गरिएको भाषा, प्रयुक्त शैलीशिल्प, शीर्षकीकरण आदिमा यथेष्ट मात्रामा साहित्यिक स्वाद पाइन्छ । यसर्थ यो लेखकको जीवनभोगाइ मात्र नभएर साहित्यिक कृति पनि बनेको छ ।

## आराधनाको औचित्य

नेपाल सानो मूलुक भए पनि यहाँको समाजमा विविधता छ । यहाँ विविध जातजातिका मानिस बसोबास गर्छन् । उनीहरूको धर्म, संस्कृति, भाषा, रीतिरिवाज फरक फरक छन् । अझ यहाँ छिटो छिटो भएको राजनीतिक परिवर्तनले विविधता थप्न सहयोग पुऱ्याएको छ । पुरानो पुस्ताले भोगेका जीवनभोगाइ नयाँ पुस्ताका लागि शिक्षा बन्न सक्छ । जीवनको पाठशालामा सिकेका अनुभवलाई पुस्तकका रूपमा बदल्न यस्ता आत्मकथा लेखिनु आवश्यक छ । सबैलाई सबै कुरा मन पर्नैपर्छ भन्ने छैन । बढीभन्दा बढी पाठकले पढिदिए भने यस्ता कृतिको सार्थकता पुष्टि हुन्छ । अझ कसैले जीवनशैलीका रूपमा अपनाइदिए लेखक श्रेष्ठको सिर्जनाले पूर्ण सफलता पाउन सक्छ । कताकति रहेको भाषिक कसरमसर, ठाउँ ठाउँमा भएको पुनरुक्तिदोषबाहेक कृति सफल छ । यसर्थ आत्मकथाकारलाई सुन्दर कृतिका लागि साधुवाद छ ।

(rameshprabhat29@gmail.com)

**नयाँ वर्ष २०८१ को शुभ उपलक्ष्यमा**
**सम्पूर्ण सर्जक, पाठक, विशिष्ट सदस्य, आजीवन सदस्य, प्रतिनिधि, मुद्रक, वितरक, विक्रेता, कम्प्युटर डिजाइनरलगायत सम्पूर्ण शुभेच्छुकमा हार्दिक शुभकामना प्रकट गर्दछौँ ।**

**शब्दाङ्कुर परिवार**

पुस्तक समीक्षा

# मनको वारपार केलाउँदा

रामसुन्दुर देउजा

मुक्तक भन्नाले हामी चार हरफमा लेखिएको तथा प्रथम, द्वितीय र चतुर्थ लाइनको अन्त्यानुप्रास मिलेको काव्य बुझ्छौँ । मुक्तकको परिभाषा विभिन्न किसिमका पाइन्छन् । यद्यपि मुक्तकका बारेमा सर्वप्रथम प्रस्ट धारणा प्रस्तुत गर्ने ग्रन्थ अग्निपुराण देखिन्छ । यसमा सहृदयलाई चमत्कृत गर्ने आफैमा पूर्ण एक श्लोकी कवितालाई मुक्तक मानिएको छ ।

भानुभक्त आचार्यदेखि नै मुक्तक लेखिएको पाइन्छ भने मोतीराम भट्ट, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, कृष्णप्रसाद पराजुली आदि साहित्यकारले मुक्तक लेखेका छन् । हाल आएर पनि मुक्तक लेख्ने थुप्रै छन् । यहाँ नामावली राख्दा निकै लामो हुन्छ । यसै क्रमलाई पछ्याउँदै मुक्तकसङ्ग्रह प्रकाशित गर्ने मुक्तककार हुन् प्रदीप सापकोटा । सापकोटाले **मनको वारपार**मा १०१ ओटा चित्रसहितको मुक्तक प्रकाशन गरेका छन् । उनले मुक्तकमा भावनालाई सुललित तरिकाले पोखेका छन् । उनी पनि हाम्रै समाजका आम मानिस हुन् । उनले पनि समाज भोगेका छन् । तसर्थ समाजमा हुने बेथिति, विकृति अनि राज्यको गैरजिम्मेवारी आदिलाई प्रस्ट रूपमा राखेका छन् । उनको 'विडम्बना' शीर्षकको मुक्तक बोल्छ :

जसले हामीलाई चोट दिन्छन्<br>
दुनियाँ उसैलाई भोट दिन्छन्<br>
के आशा गर्नु र यी सँग हामीले<br>
उल्टै इमानमा खोट दिन्छन् ।

साँच्चै देश बर्बादीतिर गइरहेछ । नेताहरू ऐसआराममा भुलिरहेछन् । जनताका भावनालाई पटक्कै वास्ता गरेका छैनन् । केवल चुनावमा आश्वासनका पोका ल्याउँछन् तर चुनाव चितेर गइसकेपछि चटक्कै बिर्सन्छन् तैपनि यो दुनियाँ उनीहरूलाई नै भोट दिएर जिताउँछन् भने विडम्बनापूर्ण अवस्था छ । उनी यिनलाई मुक्तकका माध्यमबाट पोख्छन् । उनी आफू जन्मेको माटोप्रति श्रद्धा राख्छन् । माटोलाई भुल्दैनन् । आत्मैदेखि प्रस्फुटन भएको 'देशप्रेम'लाई उनी प्रकट गर्छन् । यसै गरी उनी मायाप्रेममा पनि बहकिएका छन् । उनको डरले यसलाई पुष्टि गर्छ :

पीडाले गहिरो सोचमा हराएको छु<br>
तिम्रो यादमा छटपटिएर हराएको छु<br>
तिमीलाई सम्झदा मात्र यस्तो लाग्छ<br>
फेरि भेट हुदैन कि भनेर डराएको छु ।

यसरी जीवनमा हरेक पाटामा कलम चलाएर सामाजिक चेतना छर्न उद्दत छन् उनी । यसअघि उनले **इन्द्रेणीका रङ** (नियात्रासङ्ग्रह) प्रकाशित गरिसकेका छन् । जीवनका भोगाइलाई उनका कलमले समाजमा छरेका छन् । समकालिन साहित्य प्रतिष्ठान, बेलायतद्वारा प्रकाशित मुक्तकको रसास्वादन गर्न **मनको वारपार** पढनै पर्छ । उनको कलम अझै तिखारियोस् । शुभकामना ।

# तिलस्मीमा नैतिक उच्चताको सन्देश

डा. राम पौडेल

डी.आर.द्वारा लिखित **तिलस्मी** उपन्यासले नेपाली साहित्यमा महत्त्वपूर्ण उपस्थिति दिएको छ । सरल भाषामा केही आञ्चलिक स्वादसमेत समावेश गरिएको यस उपन्यासमा घटनाको तारतम्यलाई नाटकीय ढङ्गले संयोजन गरी समाजको यथार्थको नजिक पु¥याइएको छ । उपन्यासमा कोरा कल्पनाको तिलस्मी-जादुगरी विषय नभएर सन्देशमूलक छ । जुनसुकै भाषामा लेखिएको कृतिले सर्वप्रथम त्यस समाजलाई उच्चतर वा हीनतर दर्जाको सन्देश दिन खोजेको हुन्छ । त्यसमा पनि सार्वजनीन सन्देश बोकेको छ भने देश महादेशका सीमा नाघेर प्रसिद्धि पाउँछ । अचेल बनोट बिर्सेर बुनोटमा खेलिएका कृतिहरू बजारमा बढी प्रचलित र पुरस्कृत भइरहेछन् । अथवा प्रगतिशील रचनाका नाममा नमिल्दा घटनालाई जबर्जस्ती जोडेर मार्क्स-एङ्गेल्सको रसायन हालिन्छ ।

**तिलस्मी**को द्वन्द्वविधानले सम्भ्रान्त पात्रलाई आकस्मिक स्खलनविना नै जमिनमा उतारी भूमिसात् पात्रको कुशल एवम् सर्वतोमुखी उद्धार गर्दै पुनः आफ्नै उच्चतामा स्थापित गरेको छ । एउटाको उत्थानका लागि अर्काको आवश्यम्भावी पतनको आग्रह नगरिएकाले यो एउटा आदर्शोन्मुख र सबैको विजयोल्लास वा 'सर्वे भवन्तु सुखिनः' को प्राचीन वैदिक परम्पराको औपन्यासिक यात्राजस्तै बन्न पुगेको छ । आजको नेपाली समाजमा कुलीन वा अभिजातले लुटपात मच्चाएका छन् । त्यही बाटो समाती उपन्यासलाई गति दिएको भए पनि लेखकलाई कसैले रोक्न सक्ने थिएन । तर लेखक राईले आफ्नो सेवाको भावनाको छाप यसमा बाँडेका छन् । उनको मुख्य पात्र विराजमा एउटा सानो क्लबबाट उठेको सामाजिक भावना टोल, छिमेक र सिङ्गो राजधानीसम्म विस्तार भई पूर्वका दुर्गम पहाडलाई सुगम र समृद्ध पार्ने संवेगमा परिणत भएको छ ।

सामाजिक जीवनमा आइपुग्दा मानिस कस्तो बन्छ भन्ने कुरा उसको बाल्यकालीन घटना र परिवेशले निर्धारण गर्छ । यस तथ्यलाई आख्यानका माध्यमबाट प्रस्ट पार्नु यस कृतिको अर्को बहुमूल्य पक्ष हो । औपन्यासिक प्रसङ्गमा एउटा बालकले आफ्नो खेलद्वारा नै सामाजिक व्यवहारका सिपहरू आर्जन गरेको छ । महलको बन्द कम्पाउन्डमा राखिएको आधुनिक ढोकाको साँचो छिराउने सानो प्वालबाट खुला सडकमा विराजले हातका सहायताले साइकलको पाङ्ग्रा गुडाएको देखेपछि धन (पछि धनराज) मा खेलप्रतिको आकर्षण बढ्न गएको छ । यही आकर्षणका कारण धनराज बाहिरी संसारमा आई सामाजिक भएको छ । एकदुईपटकको भेटपछि नै धनराज र विराज मिल्ने साथी बनेका छन् । यी बालसखाले गुडिरहने पाङ्ग्राजस्तै उनीहरूको जीवनलाई पनि चरैवेति ! चरैवेति ! को आदर्श समाती सार्थकता प्रदान गरेका छन् । बालमनोवैज्ञानिक दृष्टिले हेर्दा यस उपन्यासको गजुरमुखी टलक भनेको विराजको बाल्यकालीन नैतिक इगोलाई प्रबल देखाइनु नै हो । नैतिक मन दरो भएका बालबालिकाहरू आफ्नो

सम्पर्कमा आउनेहरूलाई पनि सपार्छन् वा आफ्नो समाज अनुकूल बनाउँछन् । कमजोर नैतिक काल बिताउने वा जीवनको नैतिक अवस्था नभोगेकाहरू बाहिरी परिवारमा आउनासाथ छाडा प्रवृत्तिका हुँदै जान्छन् भन्ने गरिन्छ । तर यहाँ विराजको उच्च नैतिक अहम्ले धनेलाई सम्बलन गर्नुका साथै पढाइसँगै उसको मनलाई समेत नैतिक मूल्यतिर आकर्षित गरिदिएको छ । बालक्लबमा आबद्ध हुनासाथै धनी-गरिब सबै परिवारका केटाकेटी समान मर्यादित सीमाभित्र एउटै नैतिकताको डोरीमा समेटिएको देखाइनु यस उपन्यासको उन्नयित मासिकताको एउटा अलग र चोखो सारस्वत् हो । यस उपन्यासमा बालबालिकाको नैतिक बल निर्माणमा अभिभावकको दायित्वको खोज गरी त्यसको आग्रह गरिएको छ । नैतिकताको उच्चता सिर्जनामा अभिभावकले खेल्नुपर्ने भूमिकाका लागि उपन्यासकारले दिएको नैतिक दबाब यस उपन्यासको विशिष्ट सन्देश पक्ष हो । आजको समाज कतातिर जाँदै छ भन्ने विषयको विश्लेषणसहित उनले उपन्यासमा हाम्रो सामाजिक परिवेशअनुसारको कर्तव्यबोधको उद्देश्य राखेको देखिन्छ । बालमनोविज्ञानको विषय प्रस्तुत गरी बालबालिकालाई नैतिक उच्चतातर्फ प्रवृत्त गराउनुपर्ने आवश्यकता औँल्याएर उपन्यास लेखनको सफलता मात्रै होइन उनले साहित्यको सामाजिक उपादेयताको मूल्य पनि उजागर गरेका छन् । यो वर्तमान उपन्यास लेखनमा ग्रहण गरिनुपर्ने सन्देश हो । यस्ता सामाजिक मूल्ययुक्त कृतिको निरन्तरताका लागि उनलाई बधाई तथा शुभकामना अर्पण गर्नु सान्दर्भिक होला कि !

(mymemory.hem@gmail.com)



# टुक्का कविता



**मन्दिरा सेढाई**
**(मलेखु, धादिङ)**

१.
सहयोगी मन छ मेरो मिलापको कुरा
कर्तव्यको भागिदार गर्छु वचन पूरा ।
२.
पृथ्वी गोलो छ हेर पालो सबैको आउँछ
गर दुःखीको सेवा मनले शान्ति पाउँछ ।
३.
भावनाको उज्यालोले सधैँ कर्मज्योति छर्छु
मुहारमा मुस्कान भर्दै अक्षर लेख्ने गर्छु ।
४.
नियत सफा राख हुँदैन दुनियाँको कुरा सुन्न
पछाडि हट्दैन यो दुनियाँ फसाउने जाल बुन्न ।
५.
सच्चा स्नेह खुला सफा हृदयको बन्ने छु म सार्थक
आत्मा शुद्ध पवित्र सरलता हुँ सुगमको प्रार्थक ।

# कोरोना कहरको क्रन्दन



रामदयाल राकेश

विद्यार्थी जीवनमा पढिएको अङ्ग्रेज कवि लङफेलोको कविता The World is too much with us. शीर्षक अझ पनि र यस सन्दर्भमा सर्वथा स्वाभाविक लाग्छ । यसका केही पङ्क्ति : We have no time to stand and stare. आधुनिक युगमा हामी यति व्यस्त छौँ कि प्रकृतिको प्राङ्गणमा सहज रूपमा उपलब्ध प्राकृतिक सौन्दर्यको अवलोकनबाट पनि वञ्चित हुन्छौँ । प्रकृति त सौन्दर्भको अगाध भण्डार हो । हामी मानिस यसको अवलोकनको अभावमा विभिन्न बिमारी र महामारीबाट आक्रान्त हुन पुग्छौँ । अहिलेको महामारी कोभिड १९ पनि यसमो प्रतिफल हो । हामीले प्राकृतिक स्रोत र साधनको दोहनमा लागिपरेका छौँ । प्रकृतिसँग दिनरात बलात्कार गरिराखेका छौँ । फलस्वरूप वायु प्रदूषणको समस्याबाट पीडित हुन्छौँ । जलवायु परिवर्तन पनि यसैको उत्पादन हो । प्रकृतिको शोषण तथा दोहन दुर्भाग्यपूर्ण भए पनि मासिन आफ्नो स्वार्थ सिद्धका लागि प्रकृतिसित दिरात पौठेजोरी खेलिराखेको छ । प्रकृतिसित तालमा ताल मिलाएर लयमा लय मिलाएर गयो भने मानिसको कल्याण हुन्छ । प्रकृतिसँग पौठेजोरी खेलेको परिणाम हो आजको महामारी जसबाट विश्व नै त्रसित र भयभीत छ । सृष्टिको नै संहार हुन्छ कि जस्तो स्थिति देखा पर्न थालेको छ । प्रकृतिको स्वच्छ र पवित्र वातावरणलाई प्रदूषित गर्नमा मानिस पछाडि परिराखेको छैन ।

प्राणवायु लिन म मात्र होइन घरका सबै सदस्यहरू छतमाथि हरेक बेलुका धुमघाम र गफगाफ गर्छौं । यहाँ छतमाथि बिरूवाहरूको फूल र हरियाली प्रशस्त मात्रामा सहजै उपलब्ध भएकोले हामीलाई आशालाग्दो वातावरण छ । रङ्गबिरङ्गका फूलहरू चम्पा, बेली, सदाबहार अम्बाको फूलबाहेक तुलसीका बिरूवाहरू प्रशस्त मात्रामा उब्जाइएकोले प्राणवायु लिन सजिलो छ । तल आँको रूख र रूखमा केही आँप भएकोले दिउँसो यसले पनि प्रशस्त प्राणवायु पैदा गर्छ तर राति कार्बन डाइअक्साइड पनि पैदा गर्ने गरेकोले राति हामी यसको नजिक जाँदैनौँ । बिहानको सूर्य प्रकाशनबाट भिटामिन डी प्राप्त हुने हुनाले हामी प्रकृतिको प्राङ्गणमा प्राण वायु लिन प्यासी हुन्छौँ । किनभने खानाबाट मात्रै यी सबै कुरोको प्राप्ति हुँदैन ।

दिल्लीस्थित मेदान्त अस्पतालका अध्यक्षद्वारा प्रदर्शित अभ्यासबाट पनि अक्सिजनको तह बढ्ने हुनाले त्यो पनि हामी बिहान बिहान अभ्यास गर्छौं । डा. बजाजले दिएको निर्देशनअनुसार पनि हामी बिहान बिहान अभ्यास गर्छौं । कोरोना कालमा अक्सिजनको अभाव प्रायः सबै अस्पतालमा भएको भयावह खबर सुन्दा एकछिन आत्तिनुपर्ने स्थिति छ । शय्या र भेन्टिलेटरको भावका साथै अक्सिजनको अभावले गर्दा मानिसहरू आत्तिनु स्वाभाविक हो ।

कोरोना कालमै लकडाउन खुकुलो भएपश्चात् अधिवक्ता र अहिले बेपत्ता छानबिन आयोगका आयुक्त सुनिलरञ्जन सिंहले फोन गर्नुभयो मसँग समय लिनका लागि । मैले पनि लकडाउन खुकुलो भएकोले समय दिनु स्वाभाविक थियो किनभने उहाँ अहिले संस्कृत विश्वविद्यालयको

अनुसन्धान केन्द्रमा विद्यावारिधिका लागि अनुसनधानरत हुनुहुन्छ । उहाँको निर्देशनका लागि मलाई पनि उक्त विश्वविद्यालयले एउटा विज्ञका रूपमा नियुक्त गरेको छ । उहाँ विगत तीन वर्षदेखि यस अनुसन्धान कार्यमा संलग्न हुनुहुन्छ । उहाँको विद्यावारिधिको विषय हो, Human Rights of Women in Hindu Culture of Maithili Region of Nepal M with special Reference to the Doury System. उहाँको मुख्य सुपरिवेक्षकमा डा. विष्णुप्रसाद दाहाल हुनुहुन्छ । तसर्थ उहाँको विद्यावारिधिको शोधप्रबन्ध समय समयमा हेरेर उहाँलाई सुझाव दिनुपरेकोले र अहिले अन्तिम अवस्थामा शोधप्रबन्धको सम्पूर्ण तयारी गरिसक्नुभएकोले मैले समय नदिनु औचित्यपूर्ण हुँदैन भने मैले समय दिनैपर्‍यो । उहाँ आउनुभयो र हामी विचारविमर्श गरेर सिफारिश पत्रमा सिफारिश गर्नुपर्ने भएकोले मैले हस्ताक्षर गरिदिएँ । त्यसपछि उहाँसँगै शान्तिनगर गेटसम्म गयौँ । मेरो चस्माको फ्रेम र सिसा भाँचिएकोले विगत २ महिनादेखि लकडाउनले गर्दा बनाउन नसकेकोले एउटा चस्मा पसलमा आँखा जँचाएर अर्डर दिएँ । भोलिपल्ट आउनका लागि भने पसलेले । म भोलिपल्ट पनि डराउँदै शान्तिनगर गेटसम्म गएँ स्वास्थ्यको सबै मापदण्ड पूरा गर्दै तर पनि डर लागिराखेको थियो । यातायातका केही साधन चलेको देखेँ । मानिसको आवतजावत पनि निर्वाध गतिमा भइराखेको देखेँ । केही मानिससँग मास्क पनि थियो तर मास्क लगाएका थिएनन् किन हो मलाई थाहा भएन । आधार घण्टामा चस्मा लिएर फर्किहालेँ । लकडाउन लुज भएको भन्छ तर सङ्क्रमणको सङ्ख्या बढिरहेको छ । तसर्थ मनचाहिँ आश्वस्त हुन सकेको छैन । पानी पनि बिहानदेखि बेलुकासम्म निरन्तर परिराखेकोले घरबाट बाहिर निस्कन डर लाग्छ ।

७५ वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई काठमाडौँ महानगरपालिकाले एकमुस्ट १२ हजार दिने निर्णय गरेकोले लिन आउन फोन गरेको थियो । फागुन महिनामा नै निवेदन आह्वान गरिएको थियो तर अहिले निर्णय भएकोले म छिमेकीको बाहन प्रयोग गरेर वडा नं. ३१ गएको थिएँ । भिडभाड थिएन । एक घण्टामै सबै प्रक्रिया पूरा गरेर नगदको साथमा एक प्याकेट हर्लिक्स पनि उपलब्ध गराइएको थियो । महानगरपालिकालाई धन्यवाद दिँदै सोही बाहनमा घर फर्के । बिहानैदेखि पानी परेको हुनाले छतमाथि जान सम्भव भएन । असारको रिमझिममा रुझ्नु पनि आनन्द नै लाग्छ तर भिज्ने गरी पानी परेकोले छतमा गएर आफ्ना कोठामा नै बिहानको हल्का व्यायाम गर्न बाध्य भएँ । बेलुका पनि पानी परेकोले छतमाथि जानु सम्भव भएन । घरभित्र अझ भनुँ कोठाभित्रै थन्किनुपर्‍यो । यस्तो स्थितिमा उकुसमुकुस हुनु सर्वथा स्वाभाविक नै हुन्छ । कोरोनाको कहर कालमा साथीको फोन पनि कम आउने गर्छ । मेरो चाहना हुन्छ फोन गर्नका लागि । केही साथीलाई मैले फोन गरेँ । हालचाल सोधेँ । आफ्नो गृहगाउँमा भतिजलाई फोन गरेँ । बरहथवामा बस्ने परिवारका अन्य सदस्यलाई पनि फोन गरेर हालखबरको आदानप्रदान गर्छु । यस्तै यस्तैमा समय बित्छ ।

यतिकैमा मेरो छिमेकी र बालरोग विशेषज्ञ डा. विष्णु पण्डितले अमेरिकाको मेरिल्यान्डमा छोराबुहारीसाथ एक वर्षभन्दा बढी समयदेखि बसिराख्नुभएको छ र खोपको दुईओटै खुराक लिइसक्नुभएको छ । उहाँको कल आउँछ मेसेन्जरमा । शान्तिनगरको हालखबरसँग परिचित हुनका लागि उहाँले फोन गर्नुभएको रहेछ ।

क्रमशः

# खुड्किलाहरू...

राजेश मानन्धर



# समाचार

**आर्थिक र सामाजिक रूपान्तरणमा जोड**

**सप्तरी ।** डेफोडिल अङ्ग्रेजी माध्यमिक विद्यालयको समन्वय, बुढ्यौली साहित्य समाज, सप्तरीको आयोजना, अध्यक्ष तिर्थराज पोखरेलको अध्यक्षता, कञ्चनरूप नपाका निवर्तमान प्रमुख वसन्त मिश्रको प्रमुख आतिथ्य, कोषाध्यक्ष दुर्गा दाहालको स्वागत मन्तव्य र शिक्षक रूपेश सुवेदीको सञ्चालनमा 'महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी' नाराका साथ ११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथिले आर्थिक र सामाजिक रूपान्तरण जरूरी रहेको बताउनुभयो । समाजका सचिव मनोहर पोखरेल, समाजसेवी फणिन्द्र श्रेष्ठ, महिला विकास अधिकृत प्रज्ञा नेपाल, साहित्यकारहरू मेघराज पौड्याल, गिरीराज पौडेल, नारायण खड्का, महिला अधिकारकर्मीहरू ईश्वरी पोखरेल, सरस्वती निरौला, विद्यार्थी शिशिका खड्कालगायतकाले सो अवसरमा महिला विषयक मन्तव्य राख्नुभयो ।

सम्प्रेषण : नानीमैया कटवाल

**कृति सार्वजनिक**

**काठमाडौं ।** काव्यघर नेपाल मिडियाका अध्यक्ष राजकुमार खड्गाको सभापतित्व, भ्रष्टाचार विरोधी अभियन्ता तथा उपन्यासकार भरत जङ्गमको प्रमुख आतिथ्य, प्रा.डा. गोविन्द गुरागाईं, हिमलाल अधिकारी, पत्रकार पुरूषोत्तम दाहाल, मन्जिला अनिल, देवी अधिकारी, दीपेन्द्रनाथ शर्मा, अम्बिका नरेन्द्र रेग्मी, घमप्रसाद अधिकारी, युभान, आभ्याना, इन्दु पन्त, विजयध्वज थापा, प्राज्ञ चेतनाथ धमला, नन्दलाल खरेल, दीपक श्रेष्ठ, ऋषप गौतम, दिव्य गिरी, माधव घिमिरे 'अटल', सुभाषचन्द्र पौडेल 'भीमफेदिया', दीपक भेटुवाल, राज रजक, रश्मी रिजाल, स्रवि सत्याल, इन्दिरा ढकाल, सुमन पुडासैनी 'मित्र', समिर गौतम, अम्बिका रेग्मी, नरेन्द्र रेग्मी, प्रतिमा बोहोरा, प्रल्हाद बस्नेत, रघुनाथ बस्नेत, विश्व बस्नते, सङ्गीता बस्नेत, सावित्री बस्नेतलगायतको उपस्थिति, जयराम बिडारीको धन्यवाद ज्ञापनमा सार्वजनिक गरिएका अधिकारी विमलाको **बाल बगैंचा** (कवितासङ्ग्रह) उपर गङ्गा कर्माचार्य पौडेल, साहित्यकार वसन्तकुमार बस्नेतको **बसन्तका कविताहरू** (कवितासङ्ग्रह) उपर डा. रमेश शुभेच्छु र **साहित्यिक भित्ते पात्रो २०८१** उपर ललिता 'दोषी' र स्रष्टा विमलाका गजलउपर अरूणबहादुर खत्री 'नदी'बाट समीक्षा प्रस्तुत गरियो ।

**समता काव्य सन्ध्या**

**पोखरा ।** पोखरेली युवा सांस्कृतिक परिवारका उपाध्यक्ष रीता अधिकारी 'ऋत'को सभापतित्व र निवर्तमान अध्यक्ष मोती भुजेलको सञ्चालनमा कविताको अघोषित पाठशालाका रूपमा २०५० साल वैशाखदेखि सञ्चालन गर्दै आएको समता काव्य सन्ध्याको ३६७ औं शृङ्खलामा कविहरू रूपिन्द्र प्रभावी, रीता अधिकारी, प्रान्जल, कौशलचन्द्र जी.सी., अव्यग्र अस्मित, वसन्त चालिसे, गीता तिवारी, रोशन तिमिल्सिना, माधव खतिवडा, चन्द्रावती वाग्ले, ढाकामोहन बराल, जमुना कायस्थ, सुजन राना, अभिषेक बिष्ट, नूतन तिमल्सेना लगायतले आआफ्ना सिर्जनाहरू वाचन गरे ।

**'साहित्य र संस्कृतिको अन्तरसम्बन्ध तथा साहित्यमा प्रवधिको प्रयोग' विषयक चर्चा**

**काठमाडौँ ।** साहित्य सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता, साहित्यकार विधान आचार्यको विशेष आतिथ्य, रीता पहारी न्यौपाने, गायत्रीकुमार चापागाईं, डा. गोविन्दप्रसाद आचार्य, महेशर ाज खरेल, डम्बर पहाडी, जयन्ती स्पन्दन, गोपालकुमार मैनाली, ओमप्रसाद कोइराला, असीम सागरको आतिथ्य र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न ४४९ औँ शृङ्खलामा विशेष अतिथिबाट 'साहित्य र संस्कृतिको अन्तरसम्बन्ध तथा साहित्यमा प्रविधिको प्रयोग' विषयक चर्चा हुनुका साथै ओमप्रसाद कोइराला, कुमार नेपाल, सोइना दाहाल, ऋचा अधिकारी, लीलाराज दाहाल, भीष्म उप्रेती, नवराज श्रेष्ठ, नवराज श्रेष्ठ, निर्भिक राई, डा. मनोज जोशी, रमेश भट्टराई पुजारी, बलराम विष्ट, प्रशान्त खरेल, भानुप्रकाश जोशी, राज रजक, रूपक अलङ् कारबाट वाचित रचनाउपर गीता सापकोटाले टिप्पणी प्रस्तुत गर्नुभयो ।

**'अविरल जनसाहित्य यात्रा ८८'**

**काठमाडौँ ।** राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालका अध्यक्ष राम विनयको अध्यक्षता, राजमका अध्यक्ष प्रेमनाथ अधिकारीको प्रमुख आतिथ्य, धर्मराज रेग्मीको विशेष आतिथ्य, आर.सी. न्यौपाने, डा. फणीन्द्रराज निरौला, डा. गोविन्दप्रसाद आचार्य, डम्बर पहाडी, खेमराज निरौला, त्रिलोचन आचार्यलगायतको आतिथ्य र ज्ञानु विद्रोहीको सञ्चालनमा सम्पन्न शृङ्खलामा प्रगतिवादी कवि भवानी पौडेलका एक दर्जन कविता गुन्जिए ।

सम्प्रेषण : रमेश पोखरेल

**रचना पाठ**

**काठमाडौँ ।** डा. मेघराज ढकालको सभापतित्व, प्राज्ञ चेतनाथ धमलाको प्रमुख आतिथ्य, सचिव अरुण नदी खत्रीको स्वागत र दिनेशविक्रम थापाको सञ्चालनमा सम्पन्न सामाखुसी साहित्य समाजको ११८ औँ शृङ्खलामा कविहरू प्रमोद नेपाल, लुमडीराज खनाल, राजेशमान के.सी., निर्मलरमण पराजुली, चन्द्रा न्यौपाने, विनोद दाहाल वत्स, माधव विडारी, एच.के. धिताल, वीरबहादुर लोहनी लगायतले रचना पाठ गर्नुभयो ।

**आख्यानकार परशु प्रधानको निधन**

**काठमाडौँ ।** आख्यानकार परशु प्रधानको २०८० साल चैत्र ५ गतेका दिन ८० वर्षको उमेरमा निधन भयो । उहाँको जन्म २००० माघ ३० गते भोजपुमा माता इन्दिरा र रामबहादुरको पुत्रका रूपमा भएको थियो । नेपाली र राजनीतिशास्त्रमा एम.ए. गरी निजामती सेवा गर्नुभएका उहाँका प्रकाशित कृतिहरू हुन्, **जीवनपथ** (कवितासङ्ग्रह २०१६), **भोजपुर एक अध्ययन** (चिनारी २०१६) **सजिलो नागरिकशास्त्र** (२०२०), **सगरमाथा अञ्चलको भूगोल** (२०२१), **सामान्य ज्ञान डाइजेस्ट** (२०३०), कथासङ्ग्रह- **फेरि आक्रमण** (२०२५), **वक्ररेखा** (२०२५), **यौटा अर्को दन्त्यकथा** (२०२८), **असम्बद्ध** (२०३२), **समुद्रमा अस्ताउने सूर्य** (२०३५), **परशु प्रधानका प्रतिनिधि कथाहरू** (२०४१), **यौटा क्रान्तिपुरूषको जन्म** (२०५०), **उत्तरार्ध** (२०५८), **द लिटिल बुद्ध इन टोकियो** (२०६०), उपन्यास- **रात जो पग्लन्छ** (धारावाहिक २०२१), **सबै बिर्सिएका अनुहार** (२०२४), **आकाश विभाजित छ** (संयुक्त २०३२), बालसाहित्य- **नानीको कथा** (२०२६), **सुन्नेलाई सुनको माला** (२०३०), **रङ्गीचङ्गी फूलबारी** (२०३०), **रीताको स्कुल** (२०३२), नीतिकथा- **सुनको**

**छाती** (२०२८) अन्तर्वार्तासङ्ग्रह- **केही क्षण केही अनुहार** (२०३४) र **केही अनुहार केही क्षण** (२०५१), **कथा र रचनागर्भ** (२०५७) । उहाँले **दस लहर** (कथासङ्ग्रह), **सपनाको ओतमा** (संयुक्त, कवितासङ्ग्रह २०१७) र **विश्वका बालकविता** (२०४८) को सम्पादन गर्नुभएको छ ।

**साहित्यकार दधिराज सुवेदीको निधन**

**मोरङ** । २००४/४/४ गते दिङला, भोजपुरमा माता खड्गदेवी र पिता शिवशङ्कुर सुवेदीका पुत्रका रूपमा जन्मिएर नेपालीमा एम.ए. गरी निजामती र प्राध्यापन गर्नुभएका दधिराज सुवेदीको निधन २०८० साल चैत्र १५ गते ७६ वर्षको उमेरमा भयो । २०२५ सालमा चम्की फुले कोपिला शीर्षकको कविता जनवार्तामा प्रकाशित गराएर साहित्य लेखनमा लाग्नुभएका उहाँका प्रकाशित कृतिहरू हुन्, समालोचनासङ्ग्रह- **नेपाली वाङ्मयका विशिष्ट साधक र उनका साधनाको अभिरेखाङ्कन** (२०४४), **प्रतिभा र प्रस्तुति** (२०४५), **विश्वेश्वरप्रसाद कोइरालाका साहित्यको समग्र अध्ययन** (सहलेखन २०५१), **रचना र अवलोकन** (२०५३), **अध्ययन र मूल्याङ्कन** (२०६१), निबन्धसङ्ग्रह- **अध्ययन र अनुभूति** (२०६२), विविध- **विराटनगरको सङ्क्षिप्त इतिहास** (२०५४) । यसै गरी उहाँका सम्पादित कृति हुन्, साहित्यिक पत्रिका- **बरगाछी** (२०२८), **संसार** (२०३६), **प्रतिष्ठान** (२०४३), **सुसेली**, **प्रतिभा**, अन्य- **नेपाली साहित्य आजको सन्दर्भमा** (सह २०३८), **मातृकाका कथा र उनको कथाशिल्प** (२०४४), **मातृकाप्रसाद कोइराला अभिनन्दन ग्रन्थ** (२०४५), **प्रतापनिधि शर्मा स्मृतिग्रन्थ** (२०४६), **डा. लक्ष्मण शास्त्री स्मृतिग्रन्थ** (२०५०), **पिताजी कृष्णप्रसाद कोइराला स्मृतिग्रन्थ** (२०५१), **आबाल ब्रह्मचारी षडानन्द अधिकारी स्मृतिग्रन्थ** (२०५२), **काव्य समालोचना** (सह २०५२) आदि ।

**दुई कृति लोकार्पित**

**काठमाडौँ** । भुँडीपुराण प्रकाशन प्रा.लि.का अध्यक्ष केशवप्रसाद पराजुलीको अध्यक्षता, लिभरपुल युनिभरसिटी हस्पिटल, युकेका प्राध्यापक डा. शम्भु आचार्यको प्रमुख आतिथ्य र राजेश खनालको सञ्चालनमा सम्पन्न कार्यक्रममा कृष्ण बजगाईको लघुकथासङ्ग्रह नग्न स्वप्न र नियात्रासङ्ग्रह युङफ्राउ लोकार्पण गरियो । प्रा.डा. फणीन्द्रराज निरौला श्रीओम श्रेष्ठ 'रोदन'ले लघुकथासङ्ग्रहउपर एवम् प्रा.डा. लक्ष्मणप्रसाद गौतम र डा. लेखप्रसाद निरौलाले नियात्रासङ्ग्रहउपर समीक्षात्मक मन्तव्य व्यक्त गरे भने प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलले स्रष्टालाई शुभकामना व्यक्त गरे । समीक्षकहरूले बजगाईंको लेखनमा नौलोपन, पृथकता, खोजपरकता, दृष्टिकोणमा तीक्ष्णता र प्रस्तुतिमा नवीनता रहेको विचार व्यक्त गरे । बजगाईं स्वयम्ले भने सबैलाई धन्यवाद ज्ञापन गरे ।

**डा. राजेन्द्र विमलको ७८ औँ शुभजन्मोत्सव**

**काठमाडौँ** । डा. राजेन्द्र विमल प्रतिष्ठानका अध्यक्ष अवधेश पोखरेल जनकपुरियाको सभापतित्व, समालोचक प्रा.डा. जगदीशचन्द्र भडारीको प्रमुख आतिथ्य, विजय दत्त, दिल पौडेल, रेणुदेवी शाह, कोषराज न्यौपाने, प्रह्लाद पोखरेल, कुलराज घिमिरेलगायतको आतिथ्य, संजीव सिंह एवम् दिव्यलक्ष्मी पोखरेलको स्वागत र चर्तुभुज केवरतको सञ्चालनमा डा. राजेन्द्र विमलको शुभजन्मोत्सव साङ्गीतिक, नाट्य मञ्चन आदि कार्यक्रमको आयोजना गरी मनाइयो ।

## शब्दाङ्कुर पाइने स्थानहरू

| | |
|---|---|
| नागार्जुन कम्युनिकेसन, नागार्जुन ५, सीतापाइला, काठमाडौँ | – ९८४३५७१८८२ |
| निरौला बुक्स, कोटेश्वर, काठमाडौँ | – ९८५११-७८६१४ |
| श्रेष्ठ बुक एन्ड न्युज सेन्टर, दमक, झापा | – ०२३-५८४१२५ |
| भट्टराई पुस्तक पसल, विराटनगर, मोरङ | – ०२१-५२४२४३ |
| मुनाल पुस्तक भण्डार, गाईघाट, उदयपुर | – ०३५-४२०८६४ |
| न्यु परजुना स्टेसनरी, सिन्धुली | – ०४७-५२००२५ |
| नारायणी पुस्तक सदन, नारायणगढ, चितवन | – ०५६-५२१२८० |
| सुनगाभा बुक्स एण्ड स्टेसनरी, भरतपुर, चितवन | – ०५६-५३१४७० |
| कञ्चन पुस्तक पसल, पोखरा, कास्की | – ०६१-५२४४६६ |
| सिटी बुक एन्ड न्युज सेन्टर, बुटवल, रुपन्देही | – ०७१-५४५२३६ |
| न्यु प्रभात पुस्तक पसल, सुर्खेत | – ०८३-५२००७५ |
| विपिन पुस्तक पसल, महेन्द्रनगर, कञ्चनपुर | – ०९९-५२०१४८ |

## महत्त्वपूर्ण टेलिफोन नम्बरहरू

### सुरक्षा/दमकल/सोधपुछ

प्रहरी कन्ट्रोल १००/दमकल १०१/ट्राफिक १०३/बाल बालिका खोजी १०४/आकस्मिक प्रहरी सेवा ४२२६९९९/सोधपुछ १९७

### हेलो सरकार

१११११/०१-५९७००८७/पो.ब.नं. २३३१२, काठमाडौँ/1111@nepal.gov.np

### एम्बुलेन्स

नेपाल १०२/शिक्षण, सिनामङ्गल ४४७६१५२/शिक्षण, जोरपाटी ४९११००८/कान्तिपुर, तिनकुने ४१११९५७/८५८/नर्भिक, थापाथली ४२५८५५४/४२१८२३०/शान्ताभवन ४४७०१८१/अर्थोपेडिक ४९११७२५/२७४/गङ्गालाल ४३७१३२२/७४/लाइफ केयर ४२२७७३५/मितेरी ६६३१७३६/४०१६/क्यापिटल ४२४४०२२/वेलकेयर ४४२६१८४/सुमेरु ५००३३८८/५००३३९९/परोपकार ४२६०८९१/विशालबजार ४२४४१२१/रेडक्रस ४२२८०९४, ५५४५६६६/६६१२२६६

### शव वाहन

चेम्बर ४२३०२१३/पशुपति आर्यघाट ४४९२९९९/देव कर्नर ४४३४०९३

### अस्पताल

वीर ४२२१९८८/त्रिवि शिक्षण ४४१२७०७/प्रसूति गृह ४२५३२७७/पाटन ५५२२२७८/भक्तपुर ६६१०६७६/मानसिक ५५२२२७८/कान्ति बाल ४४२७४५२/टेकु ४२५३३९६/निजामती कर्मचारी ४१०७०००/०२/वीरेन्द्र सैनिक ४२७१९४०/४१/नेपाल प्रहरी ४४१२४३०/५३०/नेपाल आँखा ४२५०६९१/तिलगङ्गा आँखा ४२६१२५९/

### शिक्षण कलेज

बिपी, धरान ०२५-५२५५५५/नोबेल, विराटनगर ०२१-४६०७३६/४६१७३५/केयु, काभ्रे ०११-४९०४९७/नेपाल, जोरपाटी ४९११००८/काठमाडौँ, सिनामङ्गल ४४६९०६४/४४७६१५२/नेपाली सेना ०१-४८८१२५९/नेसनल ४२३०७१०/किस्ट ५२०१६८२/पाटन ५५४५११२/१५३/जानकी ०४१-६२०२०२/५२०२०६/नेसनल, वीरगन्ज ०५१-५३२२६०/५२४३२०/साइन्स, चितवन ०५६-५२४२०३/चितवन०५६-५३२९३३/मनिपाल, पोखरा ०६१-५२६४१६/१७/१८/१९/गण्डकी ०६१-५३८५५९५/४६५७/लुम्बिनी ०७५-४११२०१/२/युनिभर्सल, भैरहवा ०७१-५०६१२१/३८/नेपालगन्ज ०८१-५२१५७२/५२३१८२/

# सर्पदंश (सर्पको टोकाइ) बाट बच्न...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौँ,
- घरवरिपरि सफा राखौँ, प्वालहरू टालौँ,
- खुला स्थानमा शौच नगरौँ,
- खाली खुट्टा नहिँडौँ, जुत्ता वा गमबुट लगाऔँ,
- लट्ठी लिएर हिँडौँ,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङमा सुतौँ,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौँ,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौँ,
- राती हिँड्दा टर्चको प्रयोग गरौँ,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔँ ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

जि.प्र.का. द.नं. ८२/२०५८/५९, गो.हु.का. द.नं. १३/२०७३/७४

**शब्दाङ्कुरलाई रकम भुक्तानी गर्न QR कोड स्क्यान गर्नुहोस् ।**

## विशिष्ट र आजीवन सदस्यताका लागि अनुरोध

'शब्दाङ्कुर' २०५८ सालदेखि हालसम्म एक अङ्क पनि नटुटाई मासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको छ । वर्तमान परिवेशमा यसलाई स्थायित्व प्रदान गरी स्तरीकृत गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ । यसका लागि यहाँहरूसमक्ष विशिष्ट र आजीवन सदस्यताको प्रस्ताव गरिएको छ । विशिष्ट र आजीवन सदस्यतामार्फत प्राप्त रकमलाई अक्षय कोषका रूपमा राखी उत्पादनमूलक कार्यमा लगानी गरिने छ । लगानीबाट प्राप्त रकम शब्दाङ्कुरको स्तरवृद्धि एवम् स्थायित्व प्रदान गर्ने कार्यमा खर्च गरिने छ । यसका लागि यस मासिकको नाममा प्रभु बैङ्क लिमिटेड (Prabhu Bank Limited) मा Account Name : SABDANKUR SAHITYPRADHA MASIK र Account Number : 0010003056000011 को खाता खोलिएको छ । नेपाल, भारत अथवा विदेशको कुनै पनि ठाउँबाट प्रभु बैङ्क लिमिटेडको उक्त Account Name र Account Number मा रकम जम्मा गरी यस पत्रिकाको विशिष्ट र आजीवन सदस्य बनेर योगदान गर्न सक्नुहुन्छ । विशिष्ट र आजीवन सदस्यता फारम हामीबाट इमेलमार्फत प्राप्त गर्न सक्नुहुन्छ । हुलाकमार्फत पत्रिका उपलब्ध गराइने भएकोले कृपया पत्राचार गर्ने ठेगाना प्रस्ट लेख्न र ठेगाना परिवर्तन भएमा तत्काल जुनसुकै माध्यमबाट खबर गर्नुहुन अनुरोध छ । समयमा पत्रिका प्राप्त नभएको जानकारी जुनसुकै माध्यमबाट प्राप्त भएमा पुनः पठाइने प्रतिबद्धता समेत व्यक्त गर्दछौँ । नेपाली भाषा, साहित्य, कला र संस्कृतिको श्रीवृद्धिमा तपाईंले प्रदान गर्नुभएको अमूल्य योगदानका लागि हार्दिक धन्यवाद ।

| | | |
|---|---|---|
| **विशिष्ट सदस्यता शुल्क**: | नेपाल (नेरु) र भारतमा (भारु) | १०,०००।- |
| | संस्थागत र अन्य मुलुक नेरु | २०,०००।- |
| **आजीवन सदस्यता शुल्क** : | नेपाल (नेरु) र भारतमा (भारु) | ५,०००।- |
| | संस्थागत अन्य मुलुकमा रु | १०,०००।- |